# ककपरिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमी

सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान वा स्वीकृत प्राप्त विद्यालयलाई वुझिन्छ । हामी जसलाई साधारण वोलिचालीको भाषामा सरकारी विद्यालयको नामले चिन्दछौं । जसमा सम्पुर्ण सेवा सुविधा नेपाल सरकारले प्रदान गर्दछ । त्यस्तै नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी स्वीकृत वा अनुमति पाएर संचालित भएको विद्यालयलाई संस्थागत विद्यालय भनि चिन्दछौं । नेपाल सरकारले त्यस्ता विद्यालय संचालन गर्नको लागि अनुदान नदिएको कारण विद्यालय संचालनको लागि धेरै वा एक व्यक्तिको सहयोगवाट विद्यालयले आवश्यक रकम प्राप्त गर्दछ । सामुदायिक र संस्थागत विद्यालयहरु अध्ययन गर्न आउने सम्पुर्ण विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्ने उद्देश्यले संचालित गरिएको हुन्छ । (शिक्षा ऐन, २०२८)

सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थालाई अध्ययन गर्दा पाठ्यक्रमको अर्थ, परिभाषा र कार्यान्वयन भनेको के हो ? यस वारेमा वुझ्न आवश्यक छ । परम्परावादी धारणामा पाठ्यक्रमलाई विद्यालयको कक्षा कोठाभित्र सिक्ने विषयमा सिमित गरिएको पाइएता पनि आनधुनिक धारणा भने जीवनव्यापी अनुभवहरुमा परिस्कृत गरिएको पाइन्छ । आधुनिक धारणा अनुसार विद्यालय भित्र र बाहिर जे जति शैक्षिक क्रियाकलापहरु विद्यार्थीका चौतर्फी व्यक्तित्व विकासका लागि संचालन गरिन्छ । त्यो सम्पुर्ण क्रियाप्रक्रियालाई पाठ्यक्रम भनिन्छ । यसमा विद्यार्थी र समाजका इच्छा आकांक्षा समावेश भएका हुन्छन् । यसभित्र शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयगत विशिष्ट र साधारण उद्देश्य प्राप्तिका लागि विषय वस्तुहरु शिक्षण विधिहरु, क्रियाकलापहरु, सामाजिक र पाठ्यक्रमका् प्रभावकारिता जाँचका लागि मूल्याङ्कन समेत निर्धारण गरिएको हुन्छ । (Singh, 2061 B.S., p. 3) पाठ्यक्रमलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वानले फरक फरक दृष्टिकोणले अर्थ्याएको पाइन्छ । जसमध्ये पाठ्यक्रम कार्यान्वयनसँग सम्बन्धित परिभाषाहरुलाई निम्नानुसार तल वर्णन गरिएको छ ।

“शिक्षाको लक्ष्य हासिल गर्नकालागि वनाएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्र भनिन्छ”।- रा.शि.प.यो. २०२८“शैक्षिक उद्देश्य प्राप्तगर्न विद्यालयद्वारा योजना र निर्देशन गरिने विद्यार्थीका सम्पुर्ण सिकाइलाई पाठ्यक्रम भनिन्छ । कुनै शैक्षिक संस्थाले विद्यार्थीलाई प्रदान गरेका योजनावद्ध सिकाई अवसरहरुलाई पाठ्यक्रम भनिन्छ र पाठ्यक्रम भन्नाले पाठ्यक्रम कार्यान्वयन भईरहेको अवस्थामा विद्यार्थीले वातावरणवाट प्राप्त गरेको अनुभवहरु समेतलाई जान्छ । यसरी पाठ्यक्रम सिकाई अवसर र सिकाई अनुभव दुवै हुन् भन्न सकिन्छ ।

“विशिष्ट शैक्षिक उद्देश्य प्राप्तिको लागि तयार गरिएको शिक्षक र विद्यार्थी विचको अन्तरक्रियालाई नै पाठ्यक्रम भनिन्छ ।

विषयगत साहित्यको समिक्षा गर्ने क्रममा विभिन्न विद्वानले उल्लेख गरेका पाठ्यक्रम कार्यान्वयनसँग सम्वन्धित परिभाषाहरुलाई निम्नानुसार तल वर्णन गरिएको छ ।

“कार्यान्वयन एउटा विन्दु हो जसमा कक्षा कोठामा परिवर्तनको वास्तविक महसुस गरिन्छ । प्राविधिक रुपमा तयार गरिएको पाठ्यक्रम (दस्तावेज)लाई कक्षा कोठाको वातावरणमा प्रयोगमा ल्याउने प्रवन्ध मिलाउनु नै पाठ्यक्रम कार्यान्वयन हो ।

वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुको साथै विद्यालय तहको हरेक कक्षाका लागि पाठ्यक्रम योजना तथा निर्माण गर्न नेपालमा पहिलोपटक शिक्षा मन्त्रालय अन्तर्गत एउटा छुट्टै निकाय “पाठ्यक्रम विकास केन्द्र” स्थापना गरिएको थियो । देशभर चलिरहेका विद्यालयहरुमा दिइने शिक्षामा एकरुपता ल्याउन विद्यालय तहका लागि कक्षागत तथा विषयगत पाठ्यक्रमको पूर्ण खाका तयार गरी प्रकाशन गरियो (सेरिड, १९८५) । यसैगरी २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुपको निर्माण गरिएको थियो । नेपालको शिक्षाको वर्तमान संरचना अनुसार विद्यालय तहलाई २ तहमा आधारभूत तह र माध्यमिक तह छुट्टयाइएको छ । तहगत उमेर समुह अनुसार ५ वर्ष पुरा भई १३ वर्ष सम्मका वालवालीकाहरुको उमेर समुह आधारभूत शिक्षाको उमेर समुह हुनेछ भनि तोकिएको छ । आधारभूत शिक्षाको मुख्य उद्देश्य विद्यार्थी केन्द्रीत शिक्षाका माध्यमद्वारा वालवालिकामा अन्तरनिहित प्रतिभाको विकास गर्नु हो । आधारभूत तहलाई तिन चरणमा हुने गरी प्रस्तुत गरीएको छ ।

१. प्रथम चरण अन्तर्गत कक्षा १, २ र ३
२. दोस्रो चरण अन्तर्गत कक्षा ४ र ५
३. तेस्रो चरण अन्तर्गत कक्षा ६, ७ र ८

दोस्रो चरण अन्तर्गत (कक्षा ४-५) को उद्देश्य सिकाईका विभिन्न क्षेत्रहरु र जीवनका लागि आवश्यक सिपहरुको माध्यमवाट वालवालिकामा ज्ञान, सिप, व्यवहार र मूल्याङ्कनको विकास गर्न अवसर प्रदान गर्नु हो । यस चरणमा धेरै वोझीलो नहुने गरी एकीकृत रुपमा क्रियाकलाप सूची पाठ्यक्रम विकास गरिने छ । यस चरणमा विषयगत संरचना हुने छैन । यस तहमा सिकाइका क्षेत्रहरु गणित, सृजनात्मककला, विज्ञान, स्वास्थ्य तथा शारिरिक शिक्षा, भाषा र सामाजिक अध्ययन हुनेछन् । विज्ञान स्वास्थ्य र सामाजिक अध्ययन जस्ता विषयहरुको शिक्षण एकीकृत गरी स्थानिय परिवेशमा आधारित पाठ्यक्रम द्वारा वालवालीकामा प्रयोगात्मक सिकाइ प्रदान गर्ने कार्यमा केन्द्रित हुनेछ । (प्रारुप २०६३)

शिक्षा सम्वन्धि उच्चस्तरीइ कार्य समिति प्रतिवेदन २०५८, प्राथमिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन २०५९ सरोकारवालाहरुका राष्ट्रिय तथा क्षेत्रिय गोष्ठी कार्यशाला परिक्षणवाट प्राप्त सुझाव आदीवाट प्राथमिक शिक्षा पाठ्यक्रममा स्थानिय विषयवस्तु र सूचना तथा संचार प्रविधि विषयवस्तु समावेश गरिनपर्ने र व्यवहारिक शिक्षामा जोड दिनु पर्ने आदी सुझाव र सिफारिस प्राप्त भए अनुसार उक्त सुझाव एवम् सिफारिस समेतलाई ध्यानमा राखी प्राथमिक शिक्षा पाठ्याक्रम २०४९ लाई आवश्यक परिमार्जन गरी परिक्षणका रुपमा लागु गर्न प्राथमिक शिक्षा पाठ्यक्रम २०६० (परीक्षण) तयार गरी २०६१ मा कक्षा १, २०६२ मा कक्षा २, २०६३ मा कक्षा ३, २०६४ मा कक्षा ४ र २०६५ मा कक्षा ५ कार्यान्वयन गर्न २०६० सालमा स्वीकृत प्राप्त भएको हो । परीक्षण योजना अनुसार परीक्षणबाट प्राप्त पृष्ठपोषण समेत समावेस गरी अन्तिम रुप दिएको प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) वि.सं. २०६२ मा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेश भएकोमा राष्ट्रिय पाठ्यक्रम प्रारुप र विद्यालयस्तरिय पाठ्यक्रम सुधार सुझाव समितिको सुझावलाई समावेश गर्ने शैक्षिक सत्र २०६३ देखी देशभर कक्षा १ मा कार्यान्वयन गर्न स्वीकृत प्राप्त भएको थियो । यसकै निरन्तरता स्वरुप परीक्षणका सुझाव समेटी आधारभूत शिक्षा कक्षा १-८ हुने सन्दर्भलाई समेत दृष्टिगत गरी प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ यस रुपमा तयार गरीएको हो (स्रोत : प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५)प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ यस रुपमा तयार पारिएको हो । प्राथमिक शिक्षा पाठ्यक्रमको परिमार्जित वर्तमान पाठ्यक्रम ढाँचा प्रारुप निम्नानुसार छन् ।

**वर्तमान पाठ्यक्रम ढाँचा २०६५ (कक्षा ४ र ५)**

| कक्षा ५ | | | |
|---|---|---|---|
| **क.सं** | **विषय** | **पाठ्यभार** | **पूर्णाङ्क** |
| १. | नेपाली | ८ | १०० |
| २. | अंग्रेजी | ५ | १०० |
| ३. | गणित | ६ | १०० |
| ४. | सामाजिक अध्ययन | ५ | ७५ |
| ५. | सृजनात्मक कला | ३ | २५ |
| ६. | विज्ञान तथा वातावरण | ४ | ५० |
| ७. | स्वास्थ्य तथा शारिरिक शिक्षा | ४ | ५० |
| ८. | स्थानिय विषय/मातृभाषा | ४ | १०० |
| | जम्मा | ३९ | ६००/- |

स्रोत : प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५)

पाठ्क्रम कार्यान्वियन अध्ययन गर्नको लागि आवश्यक तयारीका कार्यहरु र कार्यान्वियन प्रकृया दुवैको अध्ययन गर्न सकिन्छ । तयारीका कार्यहरु योजना दस्तावेज, पुर्वाधार, शिक्षक र विद्यार्थी व्यवस्थापन र कार्यान्वियन प्रकृया अन्तरगत कक्षा क्रियाकलाप, अतिरिक्त, विद्यार्थी मूल्याङ्कन पृष्ठपोषणलाई अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

समस्याको कथनमा पाठ्यक्रम कार्यान्वनलाई प्रभावकारी रुपमा सञ्चालनमा अवरोध गर्ने विविध पक्षहरु पर्दछन । यी समस्याका पक्षहरु कार्यक्रमसँग सम्बन्धित विभिन्न हुन सक्दछन् संस्थागत र सामुदायिक विद्यालयमा योजना गरिएको पाठ्यक्रम संरचना योजनामा मात्र सीमित छ वा कार्यान्वियन पनि भइरहेको छ भनि यसका अवस्थाको बारेमा अध्ययन गरिएको थियो । नीति नियममा जस्ता सुकै निर्देशिका तयार पारे पनि खासगरी कार्यान्वियन पक्ष राम्रो भएन भने हामीले चाहेको उपलब्धी जति सुकै लगानी गरे पनि प्राप्त गर्न सकिन्न । समय परिवर्तनशिल छ त्यस अनुसार विद्यालयको पाठ्यक्रम परिवर्तन भइरहन्छ ।

हाम्रो राष्ट्रको वर्तमान शैक्षिक प्रणाली र गतिविधिलाई स्मरण गर्दा समय समयमा पाठ्यक्रम बदलिनु तर समयमै सबै स्थानका विद्यालयहरुमा पाठ्यपुस्तकहरु नपुग्नु, विभिन्न कारणले शिक्षण सामग्री नपाउनु, पाठ्यक्रम कार्यान्वियन, मूल्याङ्कन, पृष्ठपोषण जस्ता महत्वपूर्ण कार्यहरुमा शिक्षकले सममयमै सुझावहरु नपाउनु, विद्यालयमा योग्य शिक्षक र तालिम प्राप्त शिक्षकको कमि हुदा समयमै विषयबस्तुबारे विद्यार्थीले आवस्यक ज्ञान नपाउनु जस्ता शैक्षिक समस्याहरुका कारण गुणस्तरिय शिक्षामा धक्का लागेको पाइन्छ । यस्तो अवस्थामा विद्यालयमा विद्यालयले पाठ्यक्रमको कार्यान्वियन कसरी गरेको छ ? विद्यार्थिहरुले लागु भइरहेको पाठ्यक्रम प्रति कस्ता अपेक्षा राख्छन् ? पाठ्यक्रमको उद्देश्य अनुसार पाठ्यक्रम कार्यान्वियन भएको पाइन्छ त? संस्थागत विद्यालयमा शिक्षकका व्यक्तिगत देखि पेशागत समस्याहरु विद्यमान हुँदा-हुँदै पनि किन सामुदायिक विद्यालयको भन्दा शैक्षिक उपलब्धि राम्रो छ त ? किन सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि खस्कदो छ त ? यसरी शैक्षिक क्षती हुनुमा कारक तत्व के रहेको छ त ? यसमा विद्यालयको पाठ्यक्रमको कार्यान्वियनको अवस्थाले कस्तो प्रभाव पारेको छ त ? शिक्षणमा लगानी बढ्दो गएतापनि किन उपलब्धि खस्कदो छ त ? यि प्रश्नहरुको जिज्ञासालाई मेटाउन संस्थागत र सामुदायिक विद्यालयमा पाठ्यक्रम कार्यान्वियनको तुलनात्मक अध्ययन गर्न मैले यस अध्ययनको शिर्षक " कक्षा५को संस्थागत र सामुदायिक विद्यालयमा पाठ्यक्रमको कार्यान्वियनको तुलना" छनोट गरेको छु ।कक्षा ५को पाठ्यक्रम कार्यान्वियनको अवस्था सम्बन्धी विविध पक्षहरुको अध्ययन गर्नु यस अध्ययनको मूख्य केन्द्रविन्दु रहेको छ ।

पाठ्यक्र कार्यान्वियनका लागि गरिने आवश्यक तयारी अर्न्तगत योजनाहरु, दस्तावेजहरु, पूर्वाधारहरु र शिक्षक-विद्यार्थी ब्यवस्थापनको अवस्था तुलना गर्न ,कक्षा क्रियाकलाप, अतिरिक्त

क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन क्रियाकलापहरुको अवस्था तुलना गर्नका लागि निम्नलिखित प्रश्नहरुको जवाफ खोजी अध्ययनका उद्देश्य पुरा गर्नको लागि निम्न अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ५ मा विषयहरु र पाठ्यपुस्तकहरु के-के छन् ?

ख) शैक्षिक क्यालेन्डर र रुटिङ को व्यवस्था कसरी गरीएको छ ?

ग) भौतिक पूर्वाधारको अवस्था कस्तो छ ?

घ) सामुदायिक र संस्थागत विद्यालयमा कक्षाा ५ मा शिक्षकको व्यवस्थापन के कसरी गरीएको छ ?

ङ) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ५मा विद्यार्थी व्यवस्थापन कसरी गरीएको छ ?

च) कक्षाकोठा क्रियाकलाप विधि सामाग्री कसरी सञ्चालन भएका छन् ?

छ) अतिरिक्त क्रियाकलापहरु के के सञ्चालन भएका छन् ?

ज) परीक्षा प्रणाली कस्तो छ ?

## १.३ अध्ययनको औचित्य

बदलिदो परिस्थिती अनुरुपको शिक्षाका राष्ट्रिय उद्देश्यहरु प्राप्ति गर्ने उद्देश्यका साथ निर्माण गरिएको विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनका लागि दुई किसिमका शैक्षिक संस्थाहरु रहेका छन् : सामुदायिक र संस्थागत विद्यालयहरु । यीनले राष्ट्रिय रुपमा निर्माण गरिएका विद्यालय तहका शैक्षिक पाठ्यक्रमहरु लाई विद्यालयमा कार्यान्वयन गरिरहेका छन् र जसबाट राष्ट्र विकास गर्न सक्ने गुणस्तरिय नागरिक तयार पारीरहेका छन् । सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ५ को पाठ्यक्रम कार्यान्वयन अवस्थाको तुलनात्मक अध्ययन गरिने अनुसन्धानको औचित्य तल उल्लेख गरिएको छ ।

पाठ्यक्रम कार्यान्वयनमा विभिन्न स्तरका जनशक्तिहरु विभिन्न भूमिकामा सक्रियता पूर्वक समावेश भएका हुन्छन् । पाठ्यक्रम योजनासँग सम्बन्धित विभिन्न व्यक्तिहरु, शिक्षक तथा प्रशासनिक कर्मचारीहरु सुपरीवेक्षक आदि हुन सक्दछन् । पाठ्यक्रम कार्यान्वयन प्रक्रियाबाट प्राप्त सिकिएको ज्ञान वा अनुभवले योजनाहरुलाई अरु बढी योजनाबद्ध पाठ्यक्रम निर्माण गर्न प्रोत्साहन मिल्दछ । पाठ्यक्रम योजना र कार्यान्वयन सँग सम्बन्धित सरकारवाला पक्षहरुलाई आवश्यकत सूचनाहरु प्रदान गर्न सहयोग गर्ने छ । यसका साथै पाठ्यक्रम योजना र कार्यान्वयनका लागि सक्रिय रहेका विभिन्न सरकारी एवं गैर सरकारी संस्थाहरुलाई आफ्ना कार्यक्रममा विद्यालय प्र.अ., शिक्षक, विद्यार्थीहरुलाई पनि समावेश गर्नका लागि आधार प्रदान गर्ने छ । भविष्यमा यससँग सम्बन्धित भएर खोज अनुसन्धान मूलक कार्यहरु सञ्चालन गर्नका लागि सम्बन्धित क्षेत्रका सरकारवाला पक्षहरु नीति निर्माणकर्ताहरु र विज्ञहरुलाई आवश्यक आधार प्रदान गर्ने छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

अनुसन्धान समस्यालाई केन्द्रविन्दुमा राखेर अनुसन्धानका उद्देश्य निर्माण गरिन्छ । अनुसन्धानका उद्देश्य तथा प्रश्नहरुले अनुसन्धान कार्यलाई अघि बनाउन निश्चित आकार प्रदान गर्दछ । यसले अनुसन्धान ढाँचा कस्तो हुने तथ्याङ्क संकलनको लागि के कस्ता साधन तथा विधिको प्रयोग गर्ने र अनुसन्धानको निष्कर्षमा के कति पुग्ने भन्ने कुरामा निर्देशन प्रदान गर्दछ । अध्ययन निश्चित लक्ष्य र उद्देश्यमा केन्द्रित हुन्छ । कुनै पनि अध्ययनमा उद्देश्य मुख्य पाटोको रुपमा रहेको हुन्छ । यस अध्ययनका उद्देश्य निम्नानुसार रहेका छन् ।

क) सामुदायिक र सस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनका लागि गरिने आवश्यक तयारीको अवस्था तुलना गर्नु ।

ख) सामुदायिक र सस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको अवस्था तुलना गर्नु ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि विषयमा अध्ययन कार्य गर्दा निश्चित विषय क्षेत्रभित्र सीमावद्ध भएर त्यसको अध्ययन गर्न आवश्यक हुन्छ । सीमित स्रोत साधन र समयको कारण यस अनुसन्धानलाई व्यापक रुपमा अध्ययन गर्न असमर्थ भएकाले निम्न अनुसार सीमावद्ध गरिएको छ । । तसर्थ सामुदायिक र सस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्था पहिचान गर्न गरिने यस अध्ययनलाई निम्न सिमा भित्र रहेर गरिएको छ ।

क) यस अध्ययन सामुदायिक र सस्थागत विद्यालयमा कक्षा ५ को सम्पुर्ण विषयको पाठ्यक्रम कार्यान्वयन सँग केन्द्रित रहेको छ ।

ख) यसको लागि बाजुरा जिल्ला अर्न्तगतको श्री जनप्रकाश उच्च मा.वि. स्रोत केन्द्र अर्न्तगतको सामुदायिक विद्यालय श्री चन्द नाथ नि. मा. वि.र संस्थागत विद्यालय श्री बुढीनन्दा प्रा. वि .मा गरि जम्मा २ वटा विद्यालयमा सिमित गरिएको छ ।

सामुदायिक र सस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनका लागि गरिने आवश्यक तयारी अर्न्तगत योजनाहरु, दस्तावेजहरु, पूर्वाधारहरु र शिक्षक-विद्यार्थी व्यवस्थापन र पाठ्यक्रम कार्यान्वयनका लागी कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन क्रियाकलापहरुको अवस्था तुलना गरिएको छ ।

## १.६ सम्बन्धित शब्दावलिको परिभाषा

पाठ्यक्रम : यस अध्ययनमा पाठ्यक्रम भन्नाले विद्यालयको समस्त वातावरणलाई जनाउँछ, जुन वातावरणमा कक्षा ५ का विद्यार्थीहरुले शैक्षिक अवसरहरु प्राप्त गर्दछन् र अन्तरक्रियाहरु गर्दछन् ।

सामुदायिक विद्यालय : सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्विकृति प्राप्त विद्यालय

संस्थागत विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्विकृति प्राप्त विद्यालय

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई उद्देश्यमूलक व्यबहारिक र प्रभाबकारि बनाउनका लागिसम्बन्घित साहित्यको पुनरावलोकन गरिएको छ , जसमा सैद्धान्तिक आधारहरु र अध्ययनहरु समावेश छन् । अन्तमा साहित्यको समिक्षाको आधारमा अध्ययनको अवधारणा निर्माण गरी प्रस्तुत गरिएको छ ।

### २.१ सैद्धान्तिक आधारहरु

यस अध्ययनलाई पारदर्शी र नयाँ ढँगवाट अगाडी वढाउनुका लागि सैद्धान्तिक आधारहरुको समिक्षा गरिएको थियो । जसमा विशेष गरी शिक्षण विधि सम्वन्धि सिद्धान्त, विद्यालय व्यवस्थापन प्रणाली सम्वन्धि सिद्धान्तहरु र पाठ्यक्रमको परिभाषाहरुको समिक्षा गरिएको थियो ।शिक्षण विधि सम्वन्धि विभिन्न वादहरुको समिक्षा गरीएको थियो, जसले सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ५ को पाठ्यक्रम कार्यान्वयनको तुलना अध्ययन गर्नको लागि आधार प्रदान गरीएको छ । जुन निम्नानुसार छन् ।

### २.१.१ शिक्षण सिकाइ प्रकृया अध्ययनको लागि आधारहरु

**प्रकृतिवाद** : जिन ज्याक रुसोका अनुसार वालकलाई असल नागरिक बन्ने अवसर उपलब्ध गराउने हो भने डर र त्रास नदिई वालमैत्री वातावरण वनाउनुपर्छ र इन्द्रियवाट प्राप्त अनभुव वालकलाई दिनुपर्दछ । वालकलाई वालमैत्री वातावरणमा नै क्रियाकलाप संचालन गर्नुपर्ने यिनको धारणा थियो । सामुदायिक र संरचनागत विद्यालयहरुले प्रकृतिवादको डर, त्रास, वालमैत्री र इन्द्रियवाट प्राप्त मान्यतालाई व्यवहारमा अंगालेका छन् त ? यस अध्ययनको लागी यस्ता प्रश्नहरुलाई सामुदायिक र संस्थागत विद्यालयहरुको बीच कक्षा क्रियाकलापको तुलना गर्ने आधारको रुपमा लिन सकिन्छ ।

**प्रगतिवाद :** प्रसिद्ध प्रयोजनवादी शैक्षिक दार्शनिक जोड दिनेका अनुसार शैक्षिक प्रक्रियाभित्र वालक अपरिपक्व र अविकसित प्राणी हो र उसलाई परिपक्व र अनुभवि युवकहरुले समाजमा सामाजिक लक्ष्य, मूल्य र मान्यताका आधारमा अगी बढी रहेका हुन्छन् । यसैले यिनै तत्वको विचको अर्न्तक्रिया नै शैक्षिक प्रक्रिया हो । यसवादले समस्या समाधान, अनुभवमा जोड दिन्छ । यस विधिले विद्यार्थीको उद्देश्य चाख र उपयोगिताका आधारमा Learning by doing केन्द्रित रहनुपर्दछ भन्ने कुरामा जोड दिन्छ (Sharma, 2066 B.S.) प्रगतिविादीहरु विचार भन्दा कार्य व्यवहारमा विश्वास गर्दछन् । शिक्षण प्रक्रिया वालवालिकाको आवश्यकता, रुचि एवं क्षमता अनुरुप हुनुपर्दछ र व्यवहारिक रुपमा सिक्नका लागि वालवालिकालाई प्रोत्साहन गर्नुपर्दछ भन्ने कुरा यस वादले गर्दछ । कक्षा ५ को पाठ्यक्रम कार्यान्वयन लेक्चर प्रविधिको छ वा क्रियाकलाप मुखी  छ ? सो जान्नको लागि यस दर्शनको आधार लिएर यस

अध्ययनलाई अगाडी वढाइने छ । साथै सामुदायिक वा संस्थागत कुन विद्यालयले उक्त क्रियाकलाप विधिलाई कत्ति मात्रामा लागु गरेको छ, यस किसिमको तुलनात्मक अध्ययनको लागि यो प्रगतिवादी दर्शन सहयोगी हुन सक्ने देखिन्छ ।

### २.१.२ विद्यालय व्यवस्थापन अध्ययनका लागि आधारहरु

विद्यालय व्यवस्थापन प्रणालीले गर्दा कक्षा क्रियाकलापहरु प्रभावित हुने हुनाले विद्यालय व्यवस्थापनका केही सैद्धान्तिक मान्यताहरु तल उल्लेख गरिएको छ ।

**राष्ट्रियकरण** : शैक्षिक राष्ट्रियकरण भन्नाले निजी स्वामित्वमा भएका शैक्षिक संस्था, संघ, गुठी र विद्यालयहरुलाई राष्ट्रिय स्वामित्वमा लानुपर्ने कुरालाई वुझिन्छ । हाल संस्थागत विद्यालयमा चर्को शुल्क लिने, विद्यालयले मनोमानी ढंगले शुल्क लिने, शिक्षा ऐन-नियमावली जस्ता कुराको पूर्ण रुपमा पालना नगर्ने, विद्यालयबाट पोशाकहरु वितरण गर्ने, अनावश्यक निति नियम लाग्ने जस्ता कारणहरुलाई आधारमानि कतिपय सरोकारवाला व्यक्तिहरु,विशेषगरी अभिभावकहरुले सम्पुर्ण संस्थागत विद्यालयहरुलाई राष्ट्रियकरण गरिनुपर्ने आवाज बेलाबेला उठाई रहेका छन् । संस्थागत विद्यालयलाई राष्ट्रियकरण गर्दैमा गुणस्तरमा सुधार आउँछन् ? संस्थागत विद्यालयको मनोमानित हुन्छ त ? यि यस्ता प्रश्नहरुले राष्ट्रियकरण र निजिकरणको सिद्धान्तलाई चुनौति खडा गरिदिएको पाइन्छ । आजको जस्ता वदलिँदो समय र परिस्थितिलाई विश्लेषण गर्दा राष्ट्रिय प्रणालीमा विद्यालयलाई व्यवस्थापन गर्नु अलि असान्दर्भिक हुने ठान्दछन तसर्थ यस अध्ययनमा राष्ट्रियकरण प्रणाली अव्यवहारिक र वेमेल रहेको महसुस गर्दछ । निजी विद्यालयलाई राष्ट्रियकरण गरियो भने कक्षा ५ को पढाइमा सुधार आउँछ या आउँदैन , यो एउटा अध्ययनको विषय हो भन्न सकिन्छ ।

**निजिकरण** : निजिकरण भन्नाले सरकारी स्वामित्वमा रहेका कुराहरुलाई व्यक्तिकरण गर्नु भन्ने वुझिन्छ। अर्थात् शैक्षिक निजिकरण भन्नाले सरकारी स्वामित्वमा रहेका सम्पुर्ण विद्यालय, पाटी पौवाहरु, विश्वविद्यालयलाई सरकारी स्वामित्ववाट हटाई व्यक्तिकरणमा सुम्पिनु भन्ने बुझिन्छ । सरकी विद्यालयहरु निजिकरण गर्दैमा समग्र शैक्षिक गुणस्तरमा सुधार आउँछ त ? यसै सिलसिलामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर दिन दीनै खस्कदै गएको र सामुदायिक विद्यालयको व्यवस्थित सुदृढिकरण हुन नसकेको जस्ता कारणहरु प्रस्तुत गरी सम्पुर्ण सामुदायिक विद्यालयलाई निजीकरण गरिपर्ने कुराहरु यत्रतत्र फैलिएको पाइन्छ । तसर्थ सरकारी विद्यालयहरुको दिनदिनै खस्कदो शैक्षिक स्थितिलिाई सुधार गर्नका निम्ति सरकारी स्वामित्वमा रहेका सवै विद्यालयहरु निजिकरण गर्नुपर्दछ भन्ने मान्यता निजिकरण वादीको रहेको छ । यसरी हेर्दा निजिकरण शैक्षिक व्यवस्थापन प्रणालिको शैक्षिक विकेन्द्रिकरण प्रणालीसँग निकटम सम्वन्ध रहेको पाइन्छ । यस शैक्षिक निजीकरण व्यवस्था प्रणालि राष्ट्रियकरण व्यवस्था प्रणाली र केन्द्रिकरण व्यवस्था प्रणालीको तुलनामा पाठ्यक्रम कार्यान्वयन सँग वढी नजिकिएको सम्वन्ध रहेको पाइन्छ । यस अध्ययनको शिर्षक सामुदियिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनसँग

सम्वन्धित रहेकाले निजिकरणको सिद्धान्त केही मात्रामा अध्ययनसँग सान्दर्भिक मानिन्छ । निजी विद्यालयहरु सञ्चालन गरेर के पढाइको गुणस्तर राम्रो भएको छ ? सामुदायिक विद्यालयको व्यवस्थापन निजीलाई दिँदा कस्तो होला ?

**विकेन्द्रीकरण** : विकेन्द्रीकरण भनेको स्वशासित अधिकारहरुको सृजना गर्न पाउनु हो । विकेन्द्रीकरण भनेको केन्द्रिय सरकारबाट अधिकार, जिम्मेवारी, निर्णय गर्ने अधिकार जनताका नजिक रहेका निकायमा हस्तान्तरण गर्ने प्रक्रियालाई विकेन्द्रीकरण भनिन्छ । वास्तवमा राज्यले गर्नुपर्ने सवै कार्यहरु केन्द्रिय तहवाट मात्र गर्न सम्भव र व्यवहारिक नहुने भएकाले स्थानिय तहका आवश्यकता र समस्याहरु स्थानिय स्तरवाट परिपूर्ति र समाधान गर्नै गराउने कार्यमा विकेन्द्रिकरणको महत्वपूर्ण भूमिका रहन्छ । अधिकारी (२०६७) ले उद्धत गरे अनुसार : विकेन्द्रीकरण भन्नाले स्थानिय तहमा कार्यरत प्रसासन वा स्थानिय सरकारलाई स्वतन्त्र रुपले निर्णय गर्न दिइने अधिकार हो, जसको व्यवस्था संविधान वा कानुनद्वारा नै मिलाइएको हुन्छ ।

**शैक्षिक विकेन्द्रीकरण** : शैषिक विकेन्द्रीकरण भनेको शिक्षा सम्वन्धि अधिकार र जिम्मेवारी स्थानिय निकाय वा समुदायमा निक्षेपण गर्ने कार्य हो । केन्द्रिय स्तरवाट स्थानिय शैक्षिक आवश्यकता परिपूर्ति र समस्या समाधान गर्न कठिन हुने हुनाले स्थानिय निकाय एवं समुदायलाई शैक्षिक विकास कार्यक्रममा सहभागी वनाई जिम्मेवार वनाउने काम शैक्षिक विकेन्द्रीकरण हो । स्थानिय स्तरमा शैक्षिक कार्यक्रमहरुलाई सवल र सदृढ वनाउन स्थानिय स्रोत र साधनको उच्चतम उपयोग गर्न आवश्यक कानुनी एवं प्रशासनिक अधिकारको निक्षपण गर्ने काम शैक्षिक विकेन्द्रिकरणको हो । शैक्षिक कार्यक्रम संचालन तथा व्यवस्थापनको क्रममा प्राथमिक सरोकारवालाहरुलाई शैक्षिक योजना, तर्जुमा, कार्यान्वयन र प्रतिफलको उपयोग सम्मका प्रक्रियामा लाभको भागीदार बनाउने कार्यमा शैक्षिक विकेन्द्रीकरणको महत्वपूर्ण भूमीका रहेको हुन्छ ।

**नेपालमा विकेन्द्रीकरणको प्रयास** : वि.सं. १९९० साल तिर औपचरिक रुपमा शिक्षण संस्था खुलेपनि यो संस्था पूर्ण रुपमा नियन्त्रीत र जनातको पुहँच वाहिर रहेको थियो । शिक्षा सम्वन्धि क्रियाकलापलाई व्यवस्थित तथा मर्यादित गर्न ल्याइएको नेपालको पहिलो शिक्षा कानुन वि.सं. १९९६ को इस्तिहारले शिक्षा विकासका लागि केही प्रावधान सहित स्कुल संचालक समितिको व्यवस्था गरेवाट स्थानिय स्तरमा नगन्ने भए पनि केही अधिकार प्रत्यायोजन गरेको पाइन्छ । उक्त इस्तिहारमा मानिएको छ । “स्कुलको काम चलाउनलाई जिल्लामा भए बढा हाकिम, सदरमा भए असिस्टेन्त, डाइरेक्टर र मुख्यमास्टर र सवभन्दा वढी चन्दा दिने दता तिन जना भई स्कुलको सञ्चालक समिति छानी राख्नु ।” यसरी सानो तिनो रुपमा भए पनि केही हदसम्म शिक्षामा विकेन्द्रीकरण इतिहास यहाँ भेट्न सकिन्छ । नेपालमा २००७ साल प्रजातन्त्रको स्थापना भएपछी शैक्षिक विकेन्द्रीकरणका प्रयासहरु हुन गएको पाइन्छ । नेपालमा शैक्षिक व्यवस्थापनको विकेन्द्रित करणको सुरुवात राष्ट्रिय शिक्षा योजना आयोग २०११ लाई

मान्न सकिन्छ । त्यसैगरी २०२८ सालमा नयाँ शिक्षा आयोग लागु भएपछि केन्द्रमा राष्ट्रिय शिक्षा समिति र जिल्लामा जिल्ला शिक्षा समिति गठन गरी सबै विद्यालयलाई सरकारी करण गरियो । साथै शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०३८ का साथै राष्ट्रिय शिक्षा पद्धति योजना २०२८-३२ ले विद्यालयको व्यवस्थापनमा स्थानिय निकायको सहभागितालाई साँघुरो वनाइ सर्कुचित वनाइदियो । यसवाट विकेन्द्रीकरणको मर्म कमजोर हुन गयो । यसबाट विभिन्न समस्याहरु सृजना भएकाले विकेन्द्रीकरण ऐन २०३९ का कुरा समेटी वि.सं २०४२ सालमा शिक्षा नियमावली संसोधन गरी यस संसोधनमा स्थानिय निकायलाई शैक्षिक योजना वनाउने र कार्यन्वयन जिम्मेवारी दिइयो । शिक्षा सम्वन्धि उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले शैक्षिक क्रियाकलापको निरीक्षक, अनुगमन र मूल्याङ्कन तथा विद्यालयको संचालनको सम्पुर्ण जिम्मेवारी स्थानिय स्तरमा प्र.अ. एवं विद्यालय व्यवस्थापन समिति र स्थानिय निकायलाई जिम्मेवार वनाउनु पर्ने कुरामा जोड दिएको छ । उच्च स्तरिय कार्य समितिको प्रतिवेदन २०५८ ले शिक्षा ऐनमा व्यापक परिवर्तन गरी विद्यालय शिक्षामा स्थानिय स्तरको सकृयता अभिव्यक्ति गर्न खोजेकोमा उत्त: संसोधन अनुसार शिक्षा नियमावली २०५९ लागु भयो । यसले शिक्षा नियमावली २०४९ लाई खारेज गऱ्यो शिक्षा नियमावली २०५९ ले जिल्ला शिक्षा समितिका अतिरिक्त, गाउँ शिक्षा समिति, शिक्षक, अभिभावक संघ, आदीको थप व्यवस्था गर्नुका साथै विद्यालय व्यवस्थापन समितिलाई शक्तिसाली वनाएको छ । सवैका लागि शिक्षा (२००४-२००९) ले विद्यालयको आवश्यकत्तालाई राष्ट्रिय नितिसँग र राष्ट्रिय संगठनहरुको ज्ञान र क्षमतालाई विद्यालयको आवश्यकता सँग मिलाउन विकेन्द्रीकृत योजना तर्जुमा र व्यवस्थापन प्रणालीको विकास गरिने कुरामा जोड जस्ता कुराहरुलाई शैक्षिक विकेन्द्रीकरणको क्षेत्रमा सकारात्मक पक्षको रुपमा लिन सकिन्छ । देशले संघिय लोकतान्त्रीक गणतन्त्रलाई स्वीकार गरी सकेको अवस्थामा संघिय शैक्षिक संरचनालाई प्रतिस्पर्धी वनाई न्यायपूर्व रोजगार मूलक तथा सरोकारवालाको सहभागीतामा संख्यामा आधारित विकेन्द्रित शैक्षिक व्यवस्थापन हुन सक्ने अपेक्षित शैक्षिक उपलब्धि प्राप्त हुनका साथै शैक्षिक विकेन्द्रीकरणको व्यवहारीक प्रयोगमा समेत वल पुग्ने देखीन्छ । २०३७ सालमा सञ्चालक समितिको जिम्मामा सामुदायिक विद्यालय दिइयो र निजी क्षेत्रमा विद्यालय स्थापना गर्न पाउने प्रावधान ल्याइयो । शिक्षा ऐन सातौं संसोधन को आधार र विश्व बैंकको दबाव र सहयोगमा विद्यालयहरु समुदायमा हस्तान्तरण गर्ने अवधारणा ल्याइयो । शिक्षा ऐन सातौं संसोधनले सार्वजनिक विद्यलयको नाम सामुदायिक भनी नामाकरण गरियो । मैले गर्न लागेको यस अध्ययन पाठ्यक्रम कार्यन्वयनको तुलनात्मक अध्ययन सँग सम्बन्धित भएकोले यो शैषिक विकेन्द्रीकरणको सिद्धान्तलाई आधारको रुपमा लिइ यो अध्ययन गरिनेछ । सामुदायिक विद्यलयलाई कसरी सामुदायिकीकरण गऱ्यो भने कक्षा क्रियाकलापमा सुधार आउला त ? यो पनि अध्ययनको विषय बन्न सक्छ ।

## २.२ सम्बन्धित अध्ययनहरुको समिक्षा

सैद्धान्तिक आधारहरुको अध्ययन र समिक्षा गर्नुका साथै यस अध्ययनसँग सम्बन्धित पूर्व अध्ययनहरुको पनि अध्ययन समिक्षा गर्न आवश्यक देखिन्छ । यि अध्ययनहरुले पहिलो भए गरेका अध्ययनहरुका पक्ष थाहा पाउन, पहिलेका अध्ययनले नसमेटेका कुराहरु पहिचान गरेर यस अध्ययनलाई अगाडी वढाउन ठोस आधार प्रदान गरेको महसुस गरेको छु । अध्ययन गरिएका ति सम्वन्धित अध्ययनहरुको समिक्षात्मक प्रस्तुति यस प्रकार रहेको छ ।

CERID (1978) ले वि.स. २०२८ सालमा रा.शि.प.यो. विभिन्न चरणमा देशभरमा लागु भइसकेपछि प्राथमिक तह (कक्षा १ -३ ) का बालबालिकाको पढाई लेखाइ र अंकसम्बन्धि ज्ञानको उपलब्धिको स्तर कस्तो रहयो भनि त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रले देशका तात्कालिन चार विकास क्षेत्रभित्र पर्ने हिमाली, पहाडी र तराई प्रदेशका १२ जिल्लामा यो अनुसन्धान गरेको थियो जसमा निम्न उद्देश्यहरु राखिएका थिए :

- प्राथमिक तह उर्त्तिण विद्यार्थीहरुको साक्षरताको मापन गर्नु ।
- भाषा, लिङ्ग र भौगोलिक अवस्थितिले प्राथमिक तहका बालबालिकाको उपलब्धिमा पाइने प्रभाव पत्ता लगाउनु ।
- प्रत्येक विकास क्षेत्रका प्राथमिक तह उत्तिर्ण बालबालिकाको प्राप्त साक्षरता तहको तुलनात्मक अध्ययन गर्नु ।

यस अध्ययनका लागि १९७७ मा प्रकाशित शैक्षिक तथ्याङ्कको आधारमा देशका चारै विकास क्षेत्रका हिमाली पहाडी र तराई प्रदेशबाट १/१ वटा विद्यालय पर्ने गरी जम्मा १२ वटा विद्यालयहरु आकस्मिक टेवुल प्रणालिबाट नमुना छनोट गरी अध्ययन गरिएको थियो । यस अध्ययनका साधनहरुमा साक्षरता मापन परिक्षण र शैक्षिक अर्न्तवाता फारम तयार गरिएको थियो । साक्षरता मापन विद्यार्थिको लागि थियो जसमा पढाइ, लेखाइ र अंकसम्बन्धि उपलब्धि मापन गर्ने प्रयोजनका लागि तयार गरिएको थियो भने शैक्षिक अर्न्तवार्ता फारम शिक्षकका लागि थियो । अध्ययनको निष्कर्षमा पढाइ भन्दा लेखाइ र गणितमा बढि विविधता पाइएको, साक्षरताको उपलब्धि पूर्वाञ्चलमा बढि र सुदुरपश्चिमाञ्चलमा सबैभन्दा कम, पढाई र लेखाईभन्दा गणित कमजोर पाइएको त्यसमा पनि क्षितिजिय रुपमा दिएका समस्याहरु गणितका ४ नियम प्रयोग गरी हल गर्न असक्षम देखिएको आदि रहेका छन । सर्वेक्षणबाट प्राप्त नतिजाका आधारमा प्राथमिक तहमा लेखाइ र गणितमा जोड दिनुपर्ने, गणितका ४ नियमलाई विद्यार्थीको प्रयोगात्मक जीवनमा उपयोगी हुने गरी प्रभावकारी ढंगले सिकाउनु पर्ने, तालिमको माध्यमबाट शिक्षकहरुलाई परम्परागत तरिकाको शिक्षण प्रक्रियालाई बदल्न मद्दत गर्नुपर्ने, पूर्वाञ्चलको

तुलनामा पश्चिमाञ्चलका शिक्षकहरुले शिक्षण सिकाई प्रक्रियामा भौतिक सुधार, सुविधा, शैक्षिक सामाग्री आदिको प्रबन्ध गरी व्यापक सुधार गर्नु पर्ने जस्ता अध्ययनका सुझावहरु प्रस्तुत गरेको पाइन्छ

खतिवडा (२०६६),का अनुसार सार्वजनिक विद्यलयहरुमा राजनैतिक हस्तक्षेप र स्थानिय समाजसेविको सहभागीताको अभावले शिक्षाको गुणस्तरमा वा शैक्षिक उपलब्धिमा ह्रास आईरहेको छ । वर्तमान समय सम्म आइपुग्दा संस्थागत र सामुदियिक विद्यालयविचको कक्षा शिक्षण र मूल्याङ्कन प्रणालीलाई नै हेर्ने हो भने संस्थाथत विद्यालयको भन्दा सामुदायिक विद्यालयको केही कमजोरी रहेको देखिन्छ । आफ्नै लगानीमा संचालित संस्थागत विद्यालयहरुले सरकारी नियन्त्रणवाट छुटकारा पाउँदै गएपछी विद्यालयको उपलब्धि स्तर अभिवृद्धि गर्दै आएको पाइन्छ भने सामुदायिक विद्यालयको उपलब्धि स्तर त्यति राम्रो देखींदैन अर्थात् त्यस्ता विद्यालयहरुले संस्थागत विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न सकेका हुँदैनन् ।

खनाल (२०६२), ले अध्ययनमा उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रियालाई आधार वनाएकिछिन् । खनालले पाठ्यक्रमको तुलना गर्दा पाठ्यक्रममा रेहका समनता र असमानताहरुको विभेचना गरी निष्कर्ष निकालेकीछन् । प्राथमिक तहमा मौन पठन क्षमताको विकास गर्ने गद्देश्य उपयुक्त देखिदैनन्, कतिपय उद्देश्यहरु विद्यार्थीको स्तरभन्दा उच्च प्रकृतिका देखीएका छन् । शिक्षण सामाग्रीको उल्लेख नगर्दा, जस्ता कमजोरी उल्लेख छन् ।

### २.३ अवधारणा निर्माण

सम्बन्धित बिषयका अध्ययन उद्देश्य मूलक व्यबहारिक र प्रभाबकारी बनाउनको लागि यस बिषयसंग सम्बन्धित साहित्यको पुनरावलोकन गन्छि । पाठ्यक्रम कार्यन्वयनको तुलनात्मक अध्ययन सम्बन्धमा यस अध्ययन अनुसन्धान कार्यलाई सहयोग पुर्‍याउने बिभिन्नखाले स्रोतहरु छन् । साहित्यको पुनरावलोकनमा यस बिषयसंग सम्बन्घित शिक्षण सिकाइ प्रकृया अध्ययनको लागि आधारहरु प्रकृतिवाद, प्रयोजनवाद र विद्यालय व्यवस्थापन प्रणाली अध्ययनका लागि आधारहरु राष्ट्रियकरणको सिद्धान्त निजिकरणको सिद्धान्त विकेन्द्रीकरणको सिद्धान्त नेतृत्वको सिद्धान्त, सम्बन्धित अध्ययनहरुको समिक्षा गरीएको छ ।

अवधारणा ढाँचा भन्नाले अध्ययन गर्ने अनुसन्धानकर्ताको मानसिक नक्सा हो । जसले अनुसन्धान गर्न मार्ग चित्रण गर्दछ । कक्षा ५ को सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्नका लागि निम्नानुसारको अवधारणात्मक ढाँचा निर्माण गरेको छु ।




माथि उल्लेख गरिएको चार्टमा समावेश विषयवस्तुहरूमा मात्र सीमित रहेर सूचना प्राप्त गर्नका लागि विभिन्न मूल्याङ्कनका साधनहरु प्रयोग गरी आवश्यक सूचनाहरू संकलन गरी प्राप्त सूचनाहरुको आधारमा ती विषयवस्तुहरूको विश्लेषण र व्याख्या गरी यस अध्ययनलाई पूर्ण रुप दिईनेछ ।

# परिच्छेद तीन

# अध्ययन विधि

कुनै पनि विषयवस्तुको बारेमा गहिरीएर अध्ययन गर्नु अर्थात कुनै विषयमा खोजी कार्य गर्नु अनुसन्धान हो भने अनुसन्धान गर्नका लागि अपनाइने तरिका वा अध्ययनको प्रक्रिया अध्ययनको विधि हो । जसले कुनै पनि अध्ययन अनुसन्धानलाई लक्ष्य प्राप्त सहयोग पुऱ्याउँछ ।कार्यक्रम अध्ययनलाई सहिबाटो दिन र निर्धारित समयमा उद्देश्य प्राप्त गर्न उपयुक्त विधिको छनौट गर्नु पर्दछ । यस अनुसन्धान कार्य अध्ययनको उद्देश्य र प्रकृति अनुरुप निम्न लिखित विधि तथा प्रक्रिया अवलम्वन गरी सम्पन्न गरिएको छ।

## ३.१ अनुसन्धान  ढाँचा

अध्ययनको प्रकृति, स्वरुप तथा अवस्था स्थितीलाई मध्यनजर गरी त्यसलाई कुशलतापूर्वक सम्पादन गर्न निश्चित योजना तथा कार्य नीतिको जरुरत पर्दछ । पूर्व निर्धारित योजनाले नै लक्ष्य प्राप्त गर्न सक्दछ । अध्ययन अनुसन्धानका लागि तयार पारिएको वृहत योजना तथा कार्य नीतिलाई अनुसन्धान ढाँचा भनिन्छ, जुन व्यवस्थित, तार्किक र संगठित गरिएको हुन्छ । यस अध्ययनको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्नकालागि गुणात्मक सूचनाहरुको संकलन आवश्यक पर्ने भएकोले यो अध्ययन पूर्ण रुपमा गुणात्मक अनुसन्धान ढाचाँमा आधारीत रहेको छ । गुणात्मक अनुसन्धान भन्नाले कुनै अवस्था, घटना, प्रक्रिया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्यले नामरुपी तथा क्रमागत स्केलमा मापन गरिएका वा शाब्दिक रुपमा संकलन गरिएका असाङ्ख्कि तथ्याङ्कहरुलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई बुझाउछ । गुणात्मक अनुसन्धान ढाचाँमा आधारित रहने भएकोले अध्ययनको उद्देश्य बमोजिम अनुसन्धानकर्ता स्वयं अनुसन्धान क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागि भई विद्यालय सर्वेक्षण फारम, प्रधानाध्यापकसंगको अन्तर्वार्ता फारम, शिक्षक प्रश्नावली, कक्षा अवलोकन फारम, लक्षित समूहसंग छलफलका लागि निर्देशिका र दस्तावेज अध्ययन जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गरी प्राकृतिक अवस्थाका बहुवास्तविकतालाई खोज गरी शाब्दिक रुपमा अससाङ्खिक तथ्याङ्कहरु संकलन गरी तार्किक विधिद्धारा विश्लेषण र व्याख्या गरी निष्कर्षमा पुगियो ।

## २.२ जनसंख्या र नमूना छनोट प्रक्रिया

अध्ययन कार्यलाई सहज , सरल , एवम कम समय र खर्चमा सञ्चालन गर्नको लागि निश्चित नमुना जनसंख्याको छनौट गर्ने गरीन्छ । प्रस्तुत अध्ययनमा पनि नेपालका समग्र विद्यालयहरुमा अनुसन्धान कार्य गर्न नसकिने भएकोले निश्चित नियम एवम विधिमा आधारीत भई नमुना को छनोट गरिएको छ । यस अध्ययनको लागि नमुना छनोट गर्दा गुणात्मक अनुसन्धान अर्न्तगत उद्देश्यमूलक

नमुना छनोट विधि प्रयोग गरी विद्यालय, प्र.अ., शिक्षकहरु र विद्यार्थीहरु लाई छनोट गरिएको छ । जस अन्तर्गत बाजुरा जिल्लालाई अध्ययनको क्षेत्र मानि निम्नानुसार नमुना छनोट गरिएको छ ।

### ३.२.१ विद्यालयको छनौट

प्रस्तुत अध्ययनमा वाजुरा जिल्लामा रहेका विभिन्न विद्यालयहरुमध्ये अनुसन्धान कर्ताको सुविधालाईमध्यनजर गरी सामुदिायिक विद्यालयमा श्री चन्द नाथ नि. मा. वि. र संस्थागत विद्यालयल श्री बुढीनन्दा प्रा. वि लाई यस अध्ययनको लागि नमूनाको रुपमा लिइयो ।

### ३.२.२ प्रधानाध्यापकको छनौट

यस अध्ययनको लागि छनोटमा परेको सामुदायिक विद्यालय श्री चन्द नाथ नि. मा . वि र संस्थागत बिद्यालय श्री बुढीनन्दा प्रा. वि बाट १/१ जना प्र.अ. गरी जम्मा २ जना प्र.अ.हरुलाई छनोट गरी अन्तर्वाता फारमको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

### ३.२.३ शिक्षकको छनौट

छनोटमा परेको सामुदायिक विद्यालय र संस्थागत बिद्यालय बाट कक्षा ५ मा अध्यापन भइरहेका सम्पूर्ण विषयका सबै शिक्षकहरुलाई छनौट गरी उनीहरुलाई प्रश्नावली भर्न लगाइयो ।

### ३.२.४ विद्यार्थीको छनौट

उक्त छनोटमा परेका सामुदायिक विद्यालय को कक्षा ५ मा अध्ययनरत कुल विद्यार्थीहरु मध्ये १० जनालाई (५ केटा ५ केटी )शिक्षकको सहयोग लिएर सुविधाजनक विधि अनुसार समूह छलफलका लागि छनौट गरिएको थियो । संस्थागत बिद्यालयलाइ पनि त्यसैगरी छनौट गरिएको थियो ।

## ३.३ साधनहरू निर्माण

यस अध्ययन अनुसन्धानलाई अर्थपूर्ण र उद्देश्य प्राप्त गर्ने गरी समापन गर्न छनौटमा परेका विद्यालय, प्र.अ., शिक्षक र विद्यार्थीहरुबाट गुणात्मक सूचना संकलन गर्नको लागि निम्न साधनहरूको प्रयोग गरिएको थियो ।

### ३.३.१ विद्यालय सर्वेक्षण फारम

नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ५को पाठ्यक्रम, विषयहरू, पाठ्यभार, उत्तीर्णदर, पूर्णाङ्क, विषयहरूको मूल्य, प्रकाशक, माध्यम, रुटिन, शिक्षक हाजिरी सहभागिता

विद्यार्थी, विद्यालय क्यालेन्डर, विहानको प्राथना आदि पत्ता लगाउन विद्यालय सर्वेक्षण फारमको निर्माण गरिएको थियो ।

### ३.३.२ प्रधानाध्यापकसंगको अन्तर्वार्ता फारम

प्र.अ. अन्तरवार्ता फारममा प्रा.वि. तहको पाठ्यक्रम संरचनाको मूल्याङ्कन सँग सम्बन्धित विभिन्न प्रश्नहरु समावेश गरी अर्न्तवाता फारम तयार पारिएको थियो । यसमा पाठ्यपुस्तक छनौटका आधारहरु, पाठ्यपुस्तकको समस्याहरु, विद्यालय रुटिनको योजना, पाठ्यक्रम कार्यान्वयन प्रक्रिया, कार्यान्वयनका समस्याहरु, क्यालेन्डर योजना प्रक्रिया, भौतिक पूर्वाधार व्यवस्थापन प्रक्रिया, समस्या समाधानका उपायहरु, शिक्षकको छनौट प्रक्रिया, अतिरिक्त क्रियाकलाप परीक्षा प्रणाली आदिजस्ता कुराहरु पर्दछन् ।

### ३.३.३ शिक्षक प्रश्नावली

छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको कक्षा ५ का सम्पूर्ण विषय शिक्षकहरुसँग प्रश्नावलीको माध्यमबाट विभिन्न सूचनाहरु संकलन गर्नको लागि आवस्यक प्रश्नावलीहरु तयार पारिएको थियो ।यस अन्तर्गत शिक्षकले पढाउने विषय, पाठ्यपुस्तक छनौट र व्यवस्थापन, योग्यता, पाठ्यपुस्तकमा भएका सवल र दुर्वल पक्षहरु, कक्षा क्रियाकलापहरु, विधि र सामग्रीहरु, दण्ड र पुरस्कार, परीक्षाका प्रकार, समय प्रश्नपत्र निर्माण, विद्यार्थीको नतिजा आदि जस्ता कुराहरु समावेश गरिएको थियो ।

### ३.३.४ कक्षा अवलोकन फारम

यस अध्ययनमा कक्षा शिक्षकको अनुमति लिई शिक्षक कक्षामा प्रवेश गर्ने समय, पाठको सुरुवात र प्रस्तुतिकरण, विद्यार्थीको सक्रियता, शिक्षण प्रक्रिया, शैक्षिक सामाग्रीको प्रयोग र मूल्याङ्कन, दण्ड र पुरस्कार, विद्यार्थीको बसाई व्यवस्था, गृहकार्यको जाँच, पृष्ठपोषण, पाठ्यपुस्तकको प्रयोगका साथै कक्षा अन्त्यहुने समय आदिजस्ता कुराहरुको सूचना संकलन गर्नको लागि कक्षा अवलोकन फारम निर्माण गरिएको थियो ।

### ३.३.५ लक्षित समूहसंग छलफलका लागि निर्देशिका

विद्यार्थीहरु सँगको छलफलबाट यस अध्ययनका लागि आवश्यक पर्ने विभिन्न सूचनाहरु प्राप्त हुने हुनाले उनीहरुसँग विभिन्न पक्षसँग सम्बन्धित अन्तवार्ता गर्नको लागि विद्यार्थीको सङ्ख्या, मनिटरको व्यवस्था, शिक्षकले गर्ने सजाय वा पुरस्कार, विषयवस्तु सकिएको अवस्था, कक्षा क्रियाकलाप, परीक्षा, परीक्षा अगाडी र पछाडी हुने तयारी बिदा, अतिरिक्त क्रियाकलाप आदिजस्ता विषयसँग सम्बन्धित प्रश्नहरु समावेश गरिएको थियो ।

### ३.३.६ दस्तावेज अध्ययन

यस अध्ययनमा उद्देश्य अनुरुप पाठ्यक्रम कार्यान्वयन योजना र पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नको लागी शिक्षक निर्देशिका ,पाठ्यक्रम , विद्यालयको बार्षिक शैक्षिक प्रतिवेदन , स्रोतकेन्द्र विद्यालय अर्न्तगतको विद्यालयको बार्षिक प्रतिवेदनलाई दस्तावेज अध्ययनको लागि आधार मानिएको थियो ।

## ३.४ साधनको वैधता

साधनको बैधता भन्नाले अध्ययनका क्रममा तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधनहरुले अध्ययनको उद्देश्यलाई कुन हदसम्म पुरा गर्न सक्छ वा ति साधनले अध्ययनको सम्पूर्ण विषयबस्तुको प्रतिनिधित्व हुने गरी तथ्याङ्क संकलन गर्न सक्यो वा सकेन भन्ने कुरा बुझ्नुपर्दछ । यस अध्ययनमा प्रयोग भएका साधनलाई अन्तिम रुप दिनु अगाडी त्यसको विश्वसनीयता एवं उपयोगिता परिक्षण गर्नका लागि उक्त साधनको वैद्यता निर्धारण गरिएको थियो । यस अध्ययनको उद्देश्य हासिल गर्न साधनको निर्माण गरिसकेपछि सहपाठी मित्रसँग छलफल गरेर सुधार गरी शोध निर्देशक समक्ष प्रस्तुत गरिएको थियो । शोध निर्देशकको राय, सुझाव अनुसार परिमार्जन गरी उहाँकै सल्लाह अनुसार साधनलाई अन्तिम रुप दिइयो ।

## ३.५ सूचना संकलन प्रक्रिया

यस अध्ययनको लागी छनोटमा परेको विद्यालयहरुबाट प्राथमिक र द्वितीय स्रोतको आधारमा गुणात्मक सूचनाहरु संकलन गर्ने कार्य गरिएको थियो । सर्बप्रथम,द्वितीय स्रोत अन्तर्गत यस अध्ययनलाई प्रभावकारी बनाउन शीर्षकसँग सम्बन्धित विभिन्न प्रतिवेदन, शोधपत्रहरु, लेखहरु र विद्यालयका रेर्कडहरु आदिको अध्ययन गरियो । अध्ययन गरी सकेपछि प्राथमिक स्रोतहरुलाईसूचना संकलन गरिएको थियो ।

यस अध्ययन गुणात्मक भएकोले अध्ययनकर्ताले छनोट गरीएको अध्ययन क्षेत्रमा स्वंय गई आवश्यक पर्ने सूचनाहरु संकलन गर्ने कार्य गरियो । सूचना संकलनको क्रममा विद्यालय सर्वेक्षण फारम, शिक्षक प्रश्नावली र विद्यार्थीको समूह बनाई समूह छलफल गरिएको थियो । यि विभिन्न पक्षबाट प्राप्त सूचनालाई तुलनात्मक रुपमा केलाएर आवश्यक सूचनाहरु मात्र प्रतिवेदनमा राखियो ।

## ३.६ सूचनाको विश्लेषण प्रक्रिया

गुणात्मक विश्लेषणको एक मात्र उद्देश्य प्राप्तिहरुको विकास गर्नु हो वा संकलित सूचनाहरुबाट सार तत्व निकालेर त्यसलाई संरचना योग्य बनाउनु हो । यस विद्यालय अध्ययनबाट प्राप्त विभिन्न सूचनाहरू सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ५ को पाठ्यक्रम कार्यान्वयनको अवस्थासंग सम्बन्धित रहेको छ । नमुना छनोटमा परेका कक्षा ५ का विद्यार्थीहरू, अध्यापन गराउने शिक्षक-शिक्षिकाहरु र प्र.अ. आदिबाट विभिन्न अध्ययनका साधनहरू विद्यालय सर्वेक्षण फाराम, कक्षा अवलोकन फाराम, शिक्षक प्रश्नावली, प्र.अ. अन्तर्वार्ता, लक्षित समूहको छलफल निर्दशिका र दस्तावेज अध्ययन जस्ता साधनहरूबाट प्राप्त गुणात्मक सूचनाहरूलाई तुलनात्मक अध्ययन गरी वर्णनात्मक र तार्किक विधिबाट विश्लेषण र व्याख्या गरी निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार

## सूचनाको विश्लेषण र व्याख्या

अनुसन्धान कार्यका लागि चाहिने आवश्यक सूचना प्राप्त गरी सकेपछि ति प्राप्त सूचनालाई व्यवस्थित रुपले राखेर विश्लेषण र व्याख्या गर्नु पर्ने हुन्छ । अध्ययनकर्ता वाट के कस्ता सूचना प्राप्त भए तिनको विश्लेषण र व्याख्या गरेर प्रस्तुत गर्नुपर्ने हुन्छ । यस अध्ययनलाई सफलतापूर्वक सञ्चालन गर्ने क्रममा अध्ययनको उद्देश्य अनुरुप सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ५ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययनका निमित्त आवश्यक पर्ने सूचना अन्तरगत विद्यालय सर्वेक्षण फारम, प्र.अ. अन्तरवार्ता फारम, शिक्षक प्रश्नावली, कक्षाकोठा अवलोकन फारम, लक्षित समुह छलफल र दस्ताबेज अध्ययनजस्ता साधनहरुको प्रयोग गरीएको थियो । यि यस्ता प्राथमिक र द्वितिय स्रोतबाट प्राप्त तथ्याङ्कहरु व सूचनाहरुलाई विस्तृत रुपमा विश्लेषण र व्याख्या गरी नमुनामा परेको वाजुरा जिल्ल कोल्टी गा.वि.स. वडा नं. १ मा रहेको सामुदायिक विद्यालय श्री चन्दनाथ नि.मा.वि. जंसाल र संस्थागत विद्यालय श्री वुढीनन्दा प्रा.वि. एरपोर्ट विचको कक्षा ५ को पाठ्यक्रमको कार्यान्वयनको अवस्थालाई यहाँ तुलनात्मक रुपमा प्रस्तुत गरीएको छ ।

### ४.१ पाठ्यक्रमको कार्यान्वयनकालागि तयारीको अवस्था

सामुदायिक र संस्थागत विद्यलयको कक्षा ५ को पाठ्क्रम कार्यान्वयनका लागि गरिने आवश्यक तयारी अन्तर्गत योजनाहरु, दस्तावेजहरु, पूर्वाधारहरु र शिक्षक-विद्यार्थी व्यवस्थापनको अवस्था तल उल्लेख गरिएको छ ।

#### ४.१.१ शैक्षिक क्यालेण्डरहरु

प्राथमिक शिक्षा पाठ्यक्रम एक शैक्षिक वर्षमा कम्तिमा २२० दिन विद्यालय खोल्ने र १९२ दिन पठनपाठन सञ्चालन हुने छ भनि पठनपाठन समयावधी तोकेको छ । (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५) अध्ययन गरिएको विद्यालयमा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने शैक्षिक क्यालेण्डर, योजना र समस्या के कस्तो रहेको छ भनि प्र.अ.संग अन्तरवार्ता लिईएको थियो । सामुदायिक र संस्थागत दुवै विद्यालयको पढाई हुने दिन, खुल्ने समय, परिक्षा हुने दिन र भ्याकेशन विदा निम्नानुसार तोको छ ।

**तालिका नं. ४.१.१**

**विद्यालयको शैक्षिक क्यालेण्डर**

| विद्यालय | सत्र शुरु मिति | स्कुल खुल्ने दिन | पढाई हुने दिन | परीक्षा हुने दिन | भ्याकेशन विदा |
|---|---|---|---|---|---|
| सामुदायिक | २०५९/१/२० | २२० | १९२ | २१ | ५० |
| संस्थागत | २०५९/१/१० | २३० | २२२ | २५ | ५० |
| भिन्नता | १० | १० | ३२ | ४ | ० |

स्रोत : स्थलगत सर्वेक्षण फारम, २०६९

माथिको तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा सामुदायिक विद्यालयमा एक शैक्षिक सत्रमा विद्यालय खुल्ने दिन प्राथमिक शिक्षा पाठ्यक्रमले तोके अनुरुपकै देखिन्छ । शैक्षिक क्यालेण्डर निर्माण गर्दा सम्पुर्ण शिक्षक/शिक्षिका, प्रशासन, विद्यालय व्यवस्थापन समिति, प्र.अ. विचको संयुक्त छलफल र सहमति अनुसार निर्माण गरिने कुरा दुवै विद्यालयका प्र.अ.ले वताउनु भयो । जसमा वर्षभरिमा विद्यालय खुल्ने दिन, पढाइ हुने, परिक्षा हुने र भ्याकेशन विदा हुने कुरा प्रष्ट जानकारी गराएको पाइन्छ । सामुदायिक विद्यालयको शैक्षिक क्यालेण्डर हेर्दा विद्यालय खुल्ने दिन २२०, पढाई हुने दिन १९२ परिक्षा हुने दिन २१ र विदा हुने दिनमा (असार १७ देखी श्रावण १२ गते सम्म २७ दिन, असोज ३० देखि कात्तिक १३ गते सम्म १४ दिन दशैं विदा, ४ दिन मंसिरमा विदा) ५० दिन रहेको छ । त्यसैगरी संस्थागत विद्यालयको शैक्षिक क्यालेण्डर हेर्दा विद्यालय खोल्ने २३० दिन, पढाई हुने २२२ परिक्षा हुने दिन २५ र भ्याकेसन विदा सामुदायिक विद्यालय वरावर रहेको छ । यि दुवै विद्यालयको शैक्षिक क्यालेन्डर तुलना गर्दा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय वर्ष भरिमा १० दिन बढी खोल्ने र ३० दिन बढी पढाई हुने र ४ दिन वढी परिक्षा हुने गरेको देखिन्छ ।

### ४.१.२ समय तालिकाहरु

कक्षा ५ को पाठ्यक्रम कार्यान्वयन के कसरी भई रहेको छ भनि अध्यापन गर्नका लागि समयतालिका पनि महत्वपूर्ण रहेको हुनाले दुवै विद्यालयको समय तालिका अध्ययन गरिएको छ । पाठ्यक्रमले निश्चित समय सम्ममा योजना गरिएका विषय वस्तुलाई कार्यान्वयन गर्नका लागि पाठ्यक्रमले निशिचत समय छुट्याएको हुन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम अनुसार तोकेको वार्षिक घण्टा नघट्ने गरी पाठको आवश्यकता अनुसार ४५ मिनेटको समयमा एक घण्टी मानि कक्षा सञ्चालन गर्ने गरी पठनपाठनको समय तोकेको छ । समय तालिकाले पनि पाठ्यक्रम कार्यान्वयनमा प्रभाव पार्दछ । समय तालिकावारे सूचना संकलन गर्दा प्र.अ. संगको अन्तरवार्ता, शिक्षक प्रश्नावली, लक्षित समुह

छलफल, दस्तावेज अध्ययनको साहयता लिएको थियो । छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको कक्षा ५ मा समयतालिकाको निर्माण निम्नानुसार गरेको पाइयो ।

**तालिका नं. ४.१.२**

**सामुदायिक र संस्थागत दुवै विद्यालयको समय तालिका**

| क.सं. | पिरियड | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | समय | विषयहरु | समय | विषयहरु |
| १. | प्रथम | १०:१५–११:०० | नेपाली | १०–१०:४५ | अंग्रेजी I, II ३+३ |
| २. | दोस्रो | ११:००–११:४५ | गणित | १०:४५–११:३० | गणित |
| ३. | तेस्रो | ११:४५–१२:३० | विज्ञान | ११:३०–१२:१५ | विज्ञान |
| ४. | चौथो | १२:३०–१:१५ | अंग्रेजी | १२:१५–१:०० | नेपाली I, II ३+३ |
| ५. | टिफिन | १:१५–१:४५ | - | १:००–१:३० | - |
| ६. | पाँचौं | १:४५–२:३० | सामाजिक | १:३०–२:१५ | सामाजिक |
| ७. | छैटौं | २:३०–३:१५ | एच्छिक अंग्रेजी | २:१५–३:०० | स्वास्थ्य तथा शारिरिक |
| ८. | सातौं | ३:१५–४:०० | स्वा+सृजना ३/२ | ३:००–३:४५ | कम्प्यूटर+सामान्यज्ञान ३+२ |

स्रोत : विद्यालय सर्वेक्षण फारम, २०६९

माथिको तालिकालाई विश्लेषण रुपले अध्ययन गर्दा सामुदायिक विद्यालय ठिक १०:०० बजे खुल्ने त्यस पछि १५ मिनेट सरस्वति वन्धना गरीसकेपछि १०:१५ मा पहिलो घण्टी सुरु हुने र अन्तिम ३:१५ मा सुरु भई ४:०० बजे विद्यालय छुट्टी हुने गरेको देखिन्छ । दुवै विद्यालयमा नियमित घण्टी ४५ मिनेटको र टिफिन समय ३० मिनेटको समय तालिका निर्माण गरेको देखिन्छ । त्यसै गरी संस्थागत विद्यालय ९:४० मा खुल्ने र २० मिनेट सरस्वती वंधना, पिटी पछी पहिलो कक्षा ठिक १०:०० बजे सुरु हुने र विद्यालय छुट्टी ३:४५ मा हुने गरी समय तालिका निर्माण गरेको देखीन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम अनुसार ४५ मिनेटको समयलाई १ घण्टी भनि कक्षा संचालन गरिनुपर्ने गरी समयावधी तोकेको छ । यि दुवै विद्यालयहरुमा पनि योजना अनुरुपनै समय तालिका निर्माण गरी पाठ्यक्रम कार्यान्वयन भएको देखिन्छ ।

### ४.१.३ विषयगत संरचना र पाठ्यपुस्तकहरु

पाठ्यक्रम संरचना र कक्षा १-८ सम्म आधारभूत तह र ९-१२ कक्षा सम्म माध्यमिक तह गरी विद्यालय संरचनालाई २ तहमा विभाजन गरिएको छ। कक्षा ४ र ५ लाई आधारभूत तहको दोस्रो चरण अन्तरगत राखीएको छ । (राष्ट्रिय पाठ्यक्रम प्रारुप) नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयमा कार्यान्वियनमा आएको पाठ्यक्रमको विषयगत संरचनाको तुलनाको अध्ययन गर्दा विद्यालय सर्वेक्षण फारम, प्र.अ.संगको अन्तरवार्ता, शिक्षक प्रश्नावली र दस्तावेज अध्ययनको साहयता लिएको थियो । जस अनुसार दुवै विद्यालयहरुमा शिक्षा सम्बन्धि उच्च स्तरिय कार्य समिति प्रतिवेदन २०५८, प्राथमिक शिक्षा पाठ्यक्रमको प्रभावकारीता अध्ययन प्रतिवेदन २०५९, प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ लाई आवश्यक परिमार्जन गरी परिक्षणका रुपमा लागु गर्न प्राथमिक शिक्षा पाठ्यक्रम २०६० (परिक्षण) तयार गर्दा कार्यान्वयन योजना २०६३, देशभर कार्यान्वयन गर्न स्वीकृति प्राप्त भएको थियो । यसैको निरन्तरता स्वरुप प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ तयार पारीएको हो । (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५) पाठ्यपुस्तकको सन्दर्भमा भने संस्थागत विद्यालयले पाठ्यक्रम विकासकेन्द्रवाट स्वीकृत प्राप्त अन्य प्रकाशनका पाठ्यपुस्तकहरु प्रयोगमा ल्याएको पाइन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, प्राथमिक शिक्षा अनुरुप कक्षा ५ मा राखिनु पर्ने विषयहरुमा नेपाली, अंग्रेजी, गणित, सामाजिक अध्ययन तथा सृजनात्मक कला विज्ञान र वातावरण स्वास्थ्य तथा शारिरीक शिक्षा र ऐ. विषयमा स्थानिय विषय रहेको छ। जसमा अनिवार्य र ऐच्छिक गरी ३९ पाठ्यभार भएको पूर्णाङ्क हुनुपर्ने प्रावधान रहेको छ । सामुदायिक विद्यालयमा ऐ. विषय अंग्रेजी राखिएको छ भने संरतागत विद्यालयमा १०० ( पूर्णाङ्क) बढी र ऐच्छिक विषयमा ५०+५० को दुईवटा कम्प्युटर र सामान्यज्ञान विषय पढ्नु पर्ने व्यवस्था गरेको छ ।विद्यालय सर्वेक्षण फारम, दस्तावेज अध्ययनबाट प्राप्त सूचना अनुसार सामुदायिक र संस्थागत विद्यालयमा कार्यान्वियन भईरहेको कक्षा ५ को विषयगत संरचना र पाठ्यपुस्तकको तुलनात्मक अवस्था को तालिका अनुसूचि ८ र ९ मा हेर्न सकिन्छ ।

उक्त दुबै तालिकालाई विश्लेषणात्मक रुपले अध्ययन गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा १०० पूर्णाङ्कको १ वटा विषय वढी पढाई हुने गरेको पाइयो । संस्थागत विद्यालयमा पुर्णाङ्क ७०० र ऐच्छिक विषयमा कम्प्यूटर शिक्षा र सामान्यज्ञान ५०+५० पुर्णाङ्कको पढाई हुने व्यवस्था रहेको पाइन्छ । सामुदायिक विद्यालयले ऐच्छिक विषयमा अंग्रेजी राखिएको छ भने ५ वटा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तकलाई कक्षा कोठामा कार्यान्वयनमा ल्याएको पाइन्छ । ऐच्छिक विषय विद्यार्थीको स्तर हेर्दा अंग्रेजी बनाई चौलानी प्रकासनको प्रयोगमा ल्याएको छ । संस्थागत विद्यालयले पाठ्यक्रम विकास केन्द्रले स्वीकृति प्रदान गरेको यूनिक प्रकाशनद्वारा प्रकासित सम्पुर्ण पुस्तकहरु कक्षाकोठामा कार्यान्वयनमा ल्याएको छ । पाठ्यपुस्तकको भाषाको माध्यम सामुदायिक विद्यालयमा अनिवार्य अंग्रेजी र ऐच्छिक विषय बाहेक सवै नेपाली भाषामा र संस्थागत विद्यालयमा नेपाली बाहेक सवै अंग्रेजी भाषामा रहेको छ । पाठ्यपुस्तकको मूल्य सामुदायिक विद्यालयको भन्दा

संस्थागत विद्यालयमा ४ गुणा बढी छ (जस्तै नेपाली विषयको मूल्य ४२ रुपैंया सामुदायिक विद्यालयमा) रहेको छ भने संस्थागत विद्यालयमा १७२ रहेको छ । सामुदायिक विद्यालयमा पाठ्यपुस्तक निशुल्क वितरण गरिन्छ । ऐच्छिक विषय भने विद्यार्थीले आफै किन्नुपर्ने व्यवस्था गरिएको छ । पाठ्यपुस्तक संख्या संस्थागत विद्यालयमा १० (नेपाली २, अंग्रेजी २ र ऐच्छिक विषयको २ वटा कम्प्यूटर र सामान्यज्ञान) रहेको छ भने सामुदायिक विद्यालयमा ६ वटा पुस्तक रहेको पाइन्छ ।

संस्थागत विद्यालयको पाठ्यपुस्तक विद्यार्थी स्वयमले किन्नु पर्ने कुरा शिक्षक प्रश्नावली अध्ययनबाट प्राप्त हुन्छ । संस्थागत विद्यालयको पाठ्यपुस्तक यती महंगो किन : भनि सोधिएको प्रश्नमा त्यहाँका प्र.अ. चक्र बहादुर कैला यसरी वताउनु हुन्छ । सामुदायिक विद्यालयको पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ले मुद्रण गर्छ, नेपाल सरकारले अनुदान प्रदान गर्दछ भने संस्थागत विद्यालयमा त्यो अवस्था नरहेकोले पाठ्यपुस्तक छपाइमा लागत वढी लाग्ने सरकारी पाठ्यपुस्तकभन्दा पाठ्यपुस्तकको गुणस्तर राम्रो र थोरवहुत नाफा कमाउने उद्देश्य पनि रहेको उल्लेख गर्नुभयो ।

शिक्षकलाई प्रस्तुत गरिएको प्रश्नावलीबाट प्राप्त सूचनाहरु विश्लेषण गर्दा संस्थागत विद्यालयमा पुस्तकालयको व्यवस्था नरहेता पनि विद्यार्थीहरुलाई प्रर्याप्त मात्रामा पाठ्यपुस्तक रहेको पाइयो भने सामुदायिक विद्यालयमा पनि पुस्तकालयको व्यवस्था नभएपनि पाठ्यपुस्तकको प्रयाप्तता रहेको अवस्था शिक्षक प्रश्नावलीको सूचनावाट प्राप्त भएको छ । ऐच्छिक विषयको छनोट गर्दा, विद्यालयको आर्थिक स्रोत, भौतिक अवस्था, जनशक्ति र विद्यार्थीको स्तर आदीलाई ध्यान दिँदै प्र.अ. शिक्षक, अभिभावक स्रोतव्यक्ति, वि.व्य.स. विच छलफल गरी छनोट गर्ने गरेको सामुदायिक विद्यालयका प्र.अ. पदम बहादुर शाही वताउनु हुन्छ भने संस्थागत विद्यालयमा आधुनिक समयमा वदलिदो सूचना प्रविधि, विद्यार्थीको स्तर, विद्यालयको आर्थिक अवस्थालाई ख्याल गरी शिक्षक, प्र.अ., लगानिकर्ता, अभिभावक मिलेर छनोट गर्ने गरेको प्र.अ. चक्र बहादुर कैला वताउनु हुन्छ । पाठ्यपुस्तक छनोटमा के कस्तो समस्या छ भन्ने प्रश्नमा नेपाल सरकार शिक्षा मन्त्रालयको मातहतमा रहेको पाठ्यक्रम विकास केन्द्रले तोकेको पाठ्यक्रम र पाठ्यपुस्तक आफूलाई प्राप्त हुने भएकाले पाठ्यपुस्तक छनोट प्रक्रियामा आफूलाई कुनै समस्या र झन्झट नहुने सामुदियक विद्यालयका प्र.अ. पदम बहादर शाहीले वताउनु भएको छ भने सँस्थागत विद्यालयले पाठ्यक्रम विकास केन्द्रले प्रकासन गरेको पाठ्यक्रम लागु गरेता पनि पाठ्यपुस्तक चाही पाठ्यक्रम विकास केन्द्रले स्वीकृति प्रदान गरेका वाह्रय प्रकासनका अंग्रेजी माध्यमको पाठ्यपुस्तक छनोट गर्ने गरेको प्र.अ. चक्र बहादुर कैलाले जानकारी दिनुभयो । पाठ्यपुस्तकका समस्या के छन् भन्ने प्रश्नमा विद्यार्थीको स्तर नमिल्ने, आकर्षण आकार नभएको, समय सापेक्ष नभएको, पाठ्यपुस्तकमा रहेका चित्रहरु समस्या रुपमा नदेखिने, सामुदायिक विद्यालयका शिक्षक प्रश्नावलीबाट सूचना प्राप्त गरिएको थियो ।

## ४.१.४ भौतिक पूर्वाधारहरु

कुनै पनि शैक्षिक संस्थाहरुमा शिक्षण सिकाई क्रियाकलाप गर्नाको लागि भौतिक पूर्वाधारको भूमिका महत्वपूर्ण हुन्छ । पाठ्यक्रम तथा शिक्षण स्रोत सामाग्रीमा उल्लेख भएका क्रियाकलापहरु सञ्चालन गर्न कक्षा कोठा ठुलो हुनुपर्दछ किनकि क्रियाकलापहरु सञ्चालन कोठामा ब्लक क्षेत्र, सृजनात्मक कला क्षेत्र, नाटक खेल्ने क्षेत्र आदी हुनुपर्दछ । यदी भएन भने पाठ्यक्रमले निर्देश गरेका लक्ष्य, उद्देश्य र योजनाहरु लागु गर्न सकिदैन र त्यसैले भौतिक पूर्वाधार पनि उपयुक्त किसिमले व्यवस्थापन गर्न आवश्यक छ ।

यस अध्ययनमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयको भौतिक पूर्वाधारको विश्लेषण विद्यालय सर्वेक्षण फारमको आधारमा गर्दा डेक्स, वेन्चको व्यवस्था प्रयाप्तता, कक्षाकोठाको आकार, कक्षाकोठामा घाम लाग्ने, खेल मैदान, खाने पानी, सौचालय, कालोपाटी, निकै राम्रो रहेको पाइयो । सामुदायिक विद्यालयमा शौचालयको व्यवस्था छात्र र छात्राको छुट्टै/छुट्टै भएता पनि अत्यन्तै फोहोर रहेको पाइयो । दुवै विद्यालयमा पुस्तकालयको व्यवस्था नरहेको पाइयो । संस्थागत विद्यालयमा कम्प्यूटरको पनि व्यवस्था गरेको देखिन्छ भने सामुदायिक विद्यालयमा सो व्यवस्था नरहेको पाइयो ।

भौतिक पूर्वाधार व्यवस्था सम्बन्धि प्र.अ. संगको अन्तरवार्ता अनुसार भौतिक पूर्वाधारको व्यवस्था सरकारी अनुदान, अभिभावकको आर्थिक सहयोग, (चन्दा संकलन) स्थानिय निकाय गा.वि.स. दातृ संघ संस्थाको सहयोगबाट गर्ने गरेको सामुदायिक विद्यालयका प्र.अ. श्री पदम वहादुर शाही वताउनुहुन्छ । भने संस्थागत विद्यालयको भौतिक पूर्वाधारको व्यवस्था लगानीकर्ता स्वयंमले गर्ने गरेको त्यहाँका प्र.अ. श्री चक बहादुर कैला वताउनुहुन्छ । भौतिक पूर्वाधार सम्बन्धि समस्याहरु पुस्तकालयको अभाव, प्रयोगशालाको अभाव, कार्यक्रम हलको अभाव समस्या रहेको देखीन्छ । प्र.अ. दोयले भौतिक सुविधाको राम्रो व्यवस्थापन गर्नका लागि सम्भाव्य आर्थिक स्रोत जुटाउनु पर्ने कुरामा जोड दिनुभयो ।

## ४.१.५ शिक्षकहरु

पाठ्यक्रममा दिएका विषयवस्तु सम्बन्धि ज्ञान तथा सिपहरु विद्यार्थीहरुलाई आवश्यक मात्रामा प्रदान गर्नका लागि सर्व प्रथम शिक्षक आफै उक्त विषयमा पोख्त हुनुपर्छ । पाठ्यक्रम कार्यान्वयन हुन शिक्षक व्यवस्थापनको व्यवस्था महत्वपूर्ण रहेको हुन्छ । शिक्षकले नै पाठ्यक्रमले तोकेका लक्ष्य र उद्देश्यहरु अनुसार शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरी कार्यान्वयन पक्षलाई सवल वनाउन सक्दछन् ।

नमुना छनोटमा परेको सामुदायिक विद्यालय श्री चन्दनाथ नि.मा.वि. कक्षा ५ मा शिक्षक छनोट प्रक्रिया र समस्याको विषयमा प्र.अ. संगको अन्तरवार्तामा कक्षा ५ मा शिक्षण गर्ने सवै शिक्षकहरु

सरकारी स्तरबाट नै नियूक्ति गर्न गरेको जानकारी दिनुभयो । निजी शिक्षक छनोट गर्दा राजनैतिक दवाव मुख्य समस्याको रुपमा रहेको प्र.अ.ले वताउनु भयो । उहाँले शिक्षक छनोट प्रक्रिया आफैमा एक लामो र झन्झटिलो प्रक्रिया रहेको, शिक्षक छनोट गर्दा योग्य र दक्ष नहेरी पहुँचको भरमा नियूक्ति गर्ने जस्ता कारणले दक्ष शिक्षकको छनोटमा समस्या रहेको प्र.अ. पदम बहादुर शाही वताउनुहुन्छ । त्यसै संस्थागत विद्यालयमा पनि शिक्षक व्यवस्थापनको त्यति नै समस्या रहेको प्र.अ. बताउँछन् । शिक्षक छनोट गर्दा सञ्चालक र व्यवस्थापकले नातावाद, कृपावादको भरमा शिक्षक नियुक्ति गर्ने गरेको वताउनु हुन्छ । यो समस्या समाधानको लागि जिल्ला शिक्षा कार्यालयले शिक्षक नियुक्ति गरी पठाएमा यस्तो समस्या समाधान हुन्थ्योकी भन्ने धारणा व्याप्त गर्नुभयो ।

प्राथमिक तहमा विद्यार्थी केन्द्रित शिक्षण सिकाई क्रियाकलाप जोड दिई यस तहमा कक्षालाई जीवन्त बनाउन र विद्यार्थीहरुलाई क्रियाशिल वनाउन शिक्षकले सहजकर्ता (facilitator) को भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । शिक्षकले शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र वालमैत्री शिक्षणविधि अपनाउनु पर्ने, सबै प्रकारका आवश्यकता भएका विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने हुन्छ । यस्ता खाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने शिक्षकको योग्यता विशिष्ट्रिकरण विषय, कुन विषय पढाउनु हुन्छ, शिक्षक भार, शिक्षक उपस्थिति, कस्तो छ सो को जानकारी गरी सामुदायिक र संस्थागत विद्यालयको कक्षा ५ मा शिक्षण गर्ने शिक्षक/शिक्षिकाको योग्यता, विशिष्टिकरण, भार, पढाउने विषय, गत वर्षको वार्षिक उपस्थिति दिन र वार्षिक विदा लिएको दिन अनुसूचि तालिका १० र ११ मा हेर्न सकिन्छ ।

हाल नेपालमा प्राथमिक, निम्न माध्यमिक, माध्यमिक विद्यालयहरुमा अध्यापन गर्न शिक्षकको न्यूनतम योग्यता क्रमस एस.एल.सी, प्रविणता प्रमाणपत्र तह, स्नातक तह उत्तिर्ण निर्धारण गरिएको छ । तर प्राथमिक तहमा शिक्षक हुनका लागि निर्धारण गरिएको न्यूनतम शैक्षिक योग्यता प्राथमिक तहका माथिल्लो कक्षा ४ र ५ मा अंग्रेजी तथा विज्ञान विषयको पाठ्यक्रममा उल्लेखीत विषयवस्तु अध्यापन गर्न एस.एल.सी. उत्तिर्ण शिक्षकहरुलाई कठिन भएको तथ्य यस क्षेत्रमा गरिएका अध्ययनहरुले देखाई सकेका छन् । यि उल्लेखित दुवै तालिकालाई नियाल्दा कक्षा ५ मा अध्यापन गराउने शिक्षकको शैक्षिक योग्यता प्रविणता प्रमाणतह रहेको छ । सामुदायिक विद्यालयमा जनसंख्या विशिष्ट्रिकरण भएको शिक्षकले गणित अध्यापन गराई रहनु भएको देखीन्छ भने विज्ञान विषय अंग्रेजी शिक्षकले र नेपाली विषय शिक्षकले सामाजिक विषय अध्यापन गराई रहेको पाइन्छ । त्यसैगरी संस्थागत विद्यालयमा भने विषयगत विशिष्टिकरण भएका शिक्षकहरुले अध्यापन गराई रहेको पाइन्छ । हातामा पढाउने घण्टी सवै शिक्षकको समान देखिन्छ । सार्वजनिक विद्यालयभन्दा संस्थागत विद्यालय १० दिन वढी खुल्ने र शिक्षक हाजीरी धेरै रहेको पाइन्छ । शिक्षक औषत विदा सामुदायिक विद्यालयमा १०३ दिन रहेको छ भने संस्थागत विद्यालयमा ८१ दिन रहेको विद्यालय सर्वेक्षण फारमबाट सूचना प्राप्त भयो । सामुदायिक भन्दा संस्थागत विद्यालयमा औषत हाजिरी २२ दिन कम रहेको पाइन्छ ।

शिक्षकको शैक्षिक योग्यता र अनुभव हेर्दा पाठ्यक्रमले योजना गरेका लक्ष्यहरु कार्यान्वयन हुने देखिन्छ ।

### ४.१.६ विद्यार्थीहरु

विद्यार्थीको उचित व्यवस्थापन गरेमा शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी वन्न सक्दछ । अहिले विद्यार्थी व्यवस्थापनका विभिन्न तरिकाहरु अपनाएको पाइन्छ । विद्यार्थीको व्यवस्थापन उपयुक्त भएमा शिक्षक, विद्यार्थी तथा विद्यार्थी - विद्यार्थी विच अन्तरक्रिया गर्न सजिलो हुन्छ । सामुदायिक र संस्थागत विद्यालयको कक्षा ५ मा जम्मा विद्यार्थी, छात्रा प्रतिशत, दलित प्रतिशतलाई यस तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१.३**

**सामुदायिक विद्यालयको कक्षा ५ को विद्यार्थी व्यवस्थापन**

| | लिङ्गगत विद्यार्थी | | | जातीगत विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | दलित | ब्राह्मण/क्षेत्री | अन्य |
| संख्या | २० | २६ | ४६ | २१ | २३ | २ |
| प्रतिशत | ४३ | ५७ | १०० | ४५.६५ | ५० | ४.३५ |

स्रोत : विद्यालय सर्वेक्षण फारम, २०६९

**तालिका नं. ४.१.४**

**संस्थागत विद्यालयको कक्षा ५ को विद्यार्थी व्यवस्थापन**

| | लिङ्गगत विद्यार्थी | | | जातीगत विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | दलित | ब्राह्मण/क्षेत्री | अन्य |
| संख्या | १२ | २० | ३२ | ५ | २३ | ४ |
| प्रतिशत | ३७.५ | ६२.५ | १०० | १५.६२ | ७१.८७ | १२.५ |

स्रोत : विद्यालय सर्वेक्षण फारम, २०६९

सामुदायिक विद्यालय श्री चन्द्रनाथ नि.मा.वि. कक्षा ५ मा ४६ जना विद्यार्थी भर्ना भएका जसमध्ये छात्र ५७ प्रतिशत र छात्रा ४३ प्रतिशत रहेका छन् भने ब्राह्मण/ क्षेत्री ५० प्रतिशत, दलित ४५.६५ र अन्य ४.३५ रहेको विद्यालय दस्तावेज अध्ययनबाट प्राप्त हुन्छ । त्यसै गरी संस्थागत विद्यालय

श्री बुढी नन्दा प्रा.वी. कक्षा ५ मा ३२ विद्यार्थी भर्ना भएका जसमध्ये ६२.५ प्रतिशत छात्र र ३७.५ प्रतिशत छात्रा रहेका छन् भने वाहन/क्षेत्री ७१.८७, दलित १५.६३ र अन्य १२.५ रहेको विद्यालय दस्तावेज अध्ययनबाट जानकारी प्राप्त हुन्छ ।

यि दुईवटा विद्यालयको विद्यार्थी संख्या तुलना गर्दा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा ६.९ प्रतिशत विद्यार्थी थोरै भएको र सामुदयिाक विद्यालयमा दलित विद्यार्थी ४५.६५ प्रतिशत वढी रहेको छ भने संस्थागत विद्यालयमा ब्राह्मण जातिको वाहुल्यता रहेको पाइन्छ । सामुदायिक विद्यालयमा विद्यार्थी हाजीरी भएको पहिलो दिन २०६९/१/२० रहेको र नियमित विद्यार्थी ४१ जना उपस्थित रहेको कक्षा ५ को हाजीरीवाट प्राप्त हुन्छ । त्यसैगरी संस्थागत विद्यालयमा पहिलो दिन विद्यार्थी हाजीरी २०६९/१/१० गते लिएको थियो भने विद्यालय सर्वेक्षण गर्दाको दिन २०६९/२/१७ गने सम्पुर्ण विद्यार्थी उपस्थिति रहेको पाइयो ।

शिक्षण क्रियाकलापमा विद्यार्थीको सहभागिता कस्तो रहने गर्दछ भन्ने शिक्षक प्रश्नावलीको जवाफमा संस्थागत विद्यालयका शिक्षकहरुले निकै सक्रिय रहने गरेको वताए भने सामुदायिक विद्यालय शिक्षकहरुले केही मात्रामा विद्यार्थी शिक्षण कार्यमा सक्रिय रहने वताए । कक्षाकोठा अवलोकन गर्ने क्रममा विद्यार्थीको व्यवस्थापन र सक्रियता नियाल्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयमा केही मात्रामा वढि सक्रिय, अनुशासित रहेको पाइयो । विद्यार्थीको उचाई स्तर मिलाएर सानो अगाडि, ठूलो पछाडी राखी वसाई व्यवस्थापन गरेको पाइयो । कक्षा कोठामा विद्यार्थीहरु बिचवाट सक्रिय र ठुलो विद्यार्थीलाई मनिटरको रुपमा छनोट गरिने र शिक्षक नभएको अवस्थामा कक्षामा मोनिटरले नै अन्य विद्यार्थीलाई नियन्त्रण गर्ने गरेको लच्छित समुह छलफलबाट जानकारी प्राप्त भयो । सामुदायिक विद्यालयमा विद्यार्थीहरुलाई परम्परागत रुपमा कक्षाकोठामा लहरै दुई लाइनमा एउटा लाइनमा छात्र र अर्कोमा छात्रा गरी राखीएको थियो । यसरी राख्दा विद्यार्थीहरुलाई छलफल गर्न असहज हुने देखीन्छ । विद्यार्थी व्यवस्थापन विद्यार्थीको वसाईलाई U आकार V आकार गोलाकार रुपमा समुह समुहको वसाई उपयूक्त हुन्छ । यसो गरेमा पाठ्यक्रम कार्यान्वयनमा सघाउ पुग्दछ ।

## ४.२ पाठ्यक्रमको कार्यान्वयन

सामुदायिक र संस्थागत विद्यलयको कक्षा ५ को पाठ्क्रम कार्यान्वयन को अवस्था तुलना गर्न कार्यान्वयन पक्षभित्रका कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र परीक्षा सम्बन्धि क्रियाकलापहरु तल उल्लेख गरिएको छ ।

### ४.२.१ कक्षा क्रियाकलापहरु

पाठ्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि कक्षाकोठा क्रियाकलाप महत्वपूर्ण रहेको हुन्छ । कक्षाकोठा क्रियाकलाप भित्र शिक्षकको क्रियाकलापहरु, पाठपुरा, सुरुको समय, पाठ अन्त्यको समय, दण्ड र पुरस्कार आदी विविध पक्षको अध्ययन गर्न आवश्यक हुन्छ । सामुदायिक र संस्थागत विद्यालयको कक्षा ५ को कक्षा कोठा क्रियाकलापको तुलनात्मक अध्ययन गर्दा प्र.अ. संगको अन्तरवार्ता, शिक्षक प्रश्नावली, कक्षा अवलोकन फारम र समुह छलफलको साहयता लिएको थियो जसलाई विषयगत रुपमा तुलना गर्ने प्रयास गरिएको छ ।

सामुदायिक विद्यालय श्री चन्द्रनाथ नि.मा.वि. को कक्षा ५ लाई कक्षाकोठा अवलोकनको माध्यमवाट विश्लेषण गर्दा ४ जना शिक्षकहरु समयमानै कक्षाकोठामा प्रवेश गर्नुभयो भने २ जना शिक्षकहरु (गणित र सामाजिक) समयभन्दा ५ मिनेट ढिला कक्षाकोठामा उपस्थित हुनुभयो । कक्षामा पाठ सुरु गर्दा नेपाली र विज्ञान विषयका सरहरुले पूर्वपाठ संग सम्वन्धित गराएर पाठको प्रारम्भ गर्नुभयो । तर कुनै पनि शिक्षकले पाठयोजना वनाई शिक्षण कार्य गरेको पाइएन । हचुवाको भरमा शिक्षण गर्ने गरेको पाइयो । शिक्षकले शिक्षण गरिरहँदा पछाडीका विद्यार्थीहरु आपसमा कुरा गरिरहेको यताउति चलिरहेको देखीन्थ्यो भने शिक्षकले त्यसको कुनै मतलव राखेको पाइएन । नयाँ विधि र प्रविधिको प्रयोग गरेको पाइएन । कक्षामा प्रवेश गर्दा सम्पुर्ण शिक्षकको हातमा पाठ्यपुस्तक थियो र शिक्षकले कालो पाटीको प्रयाप्त मात्रामा प्रयोग गरेको देखीएन । विद्यार्थी संगको छलफल र शिक्षक प्रश्नावलीको प्रतिक्रिया र सूचनाको विश्लेषण गर्दा सवै शिक्षक शिक्षिकाले कोर्ष पुरा गर्ने गरेको र शिक्षण विधिमा बाल शिक्षण विधि अपनाइन्छ भन्ने शिक्षक प्रश्नावलीमा भरेको पाइएता पनि कक्षाकोठामा लेक्चर शिक्षण विधि अपनाइएको पाइयो । शैक्षिक सामाग्रीमा नेपाली विषयको शिक्षकले मात्र शब्द प्रति, वाक्यप्रति, चित्रको प्रयोग गर्ने गरेको जानकारी विद्यार्थी छलफलबाट सूचना प्राप्त भयो । विद्यार्थीलाई कुनै पनि दण्ड नदिई सम्झाई बुझाई गर्ने गरेको शिक्षक प्रश्नावलीमा र कक्षा अवलोकनमा पाइएता पनि विद्यार्थी संगको छलफलबाट शिक्षकले कहिले काँही पिटेर पनि सजाय दिने गरेको सूचना प्राप्त भयो । कक्षाको अन्तमा सवै शिक्षकले गृहकार्यलाई निरन्तरता दिने गरेता पनि गृहकार्य जाँच कहिले काँही मात्र गर्ने गरेको विद्यार्थीसंगको छलफलबाट सूचना प्राप्त भयो ।

संस्थागत विद्यालय श्री बुढी नन्दा प्रा.वी.को सन्दर्भमा सामुदायिक विद्यालयको तुलनामा १५ मिनेट अगाडी स्कुल खोल्ने गरेपनि पहिलोघण्टी ठिक १०:०० वजे वाट सुरु हुने र ३:४५ मा कक्षा समाप्त हुने गरेको विद्यालय सर्वेक्षणवाट पाइयो । सबै शिक्षक/शिक्षिका ठिक समयमा कक्षा प्रवेश गर्ने र अध्यापन गराउँदा पाठयोजना प्रयोग गर्ने गरेको पाइयो । शैक्षिक सामाग्रीको प्रयोग गरेको देखीन्थ्यो । विद्यार्थीलाई सानो अगाडी, ठुलो पछाडी गरेर वसाई व्यवस्थापन गरेको र कालो पाटीको प्रयोग गरेको देखीन्थ्यो । विद्यार्थी सहभागीता राम्रो देखीन्थ्यो । गणित पढाउने चन्दर शाहको भाषामा समस्या पाइयो । विद्यार्थीहरु अलिकति अललिएको मान मलाई भयो । सम्पुर्ण कक्षा शिक्षणमा प्र.अ.ले अनुगमन गर्ने गरेको पाइयो । ऐच्छिक विषय कम्प्यूटर रहेको सो विषय शिक्षण गर्दा प्रयोगात्मक नभई सैद्धान्तिक रुपमा पाठ पढाने गरेको कक्षा अवलोकनमा पाइयो । विद्यार्थीहरुले गरेको नराम्रो कामको रेकर्ड राखी उनीहरुको अभिभावकलाई बोलाई विद्यार्थीले गरेको कमी कमजोरी प्रस्ट्याई गरी दीने गरेको पाइन्छ ।

दुवै विद्यालयको विषयगत रुपमा शिक्षण क्रियाकलापहरुलाई तुलनात्मक रुपमा अध्ययन गर्ने प्रयास गरीएको छ ।

**नेपाली विषयमा शिक्षण क्रियाकलापहरु**

सामुदायिक विद्यालय चन्दनाथ नि.मा.वि. कक्षा ५ मा कक्षा प्रारम्भको क्रममा शिक्षकको क्रियाकलापहरुको कक्षाकोठा अवलोकन गर्दा नेपाली विषयको शिक्षक ठिक १०.१५ कक्षाकोठामा प्रवेस गर्नुभयो प्रवेश गर्दा उहाँको हातमा पाठ्यपुस्तक थियो । कक्षा कोठामा विद्यार्थी वस्नको लागि फर्निचरको प्रयाप्तता रहेको देखीन्थ्यो । उहाँले गृहकार्य जाँच गर्नको लागी सम्पुर्ण विद्यार्थीबाट कापी माग्नुभयो त्यो कपि अफिसमा लगेर जाँच गर्ने भनेर राख्नुभयो । त्यसपछि पाठको प्रारम्भ पूर्वपाठसँग जोडेर सुरु गर्नुभयो । पाठ पढाउँदा छलफल विधी अपनाएर पाठको प्रस्तुतिकरण गरीयो । शैक्षिक सामाग्रीको पनि प्रयोग गरेको थियो शब्दको अर्थ लेख्दा कालोपाटीको प्रयोग गरीएको थियो । पढाई सकेपछि प्रत्येक वेन्चवाट १, १ जना विद्यार्थीलाई प्रश्न गर्नुभयो र नजान्ने विद्यार्थीलाई कान समात्न लगाएर वसाउनु भयो भने जान्ने विद्यार्थीलाई धन्यवाद भनेर वस्न भन्नु भयो । भोली सवैले गृहकार्य गरेर ल्याउने भन्दै कक्षा कोठाबाट वाहिरीनु भयो ।

संस्थागत विद्यालय श्री वुढी नन्द प्रा.वि. मा कक्षा ५ को शिक्षक क्रियाकलाप अवलोकन गर्ने क्रममा नेपाली विषय अध्यापन गराउने शिक्षक चौथो घण्टी १२:१५ बजे कक्षाकोठामा प्रवेश गर्नु भयो प्रवेश गर्दा उहाँको हातमा पुस्तक, पाठयोजना शैक्षिक सामाग्री थियो । सर्व प्रथम उहाँले आजको पाठ, मिति, कालो पाटीमा लेख्नुभयो त्यस पश्चात गृहकार्य जाँच गर्नुभयो । गृहकार्य जाँच गर्दा आज पढाउने पाठ पढ्न लगाउनु भएको थियो । त्यतिवेला सम्म आदी समय गई सेको थियो । त्यसपछि उहाँले पाठको शब्दार्थ सोध्नु भयो नजानेको आफूले वताई अन्तमा पाठको सारांश वताई दिनुभयो गृहकार्य दिएर घण्टी लागेपछी कक्षा कोठा वाट वाहीरीनु भयो ।

**गणित विषयमा शिक्षण क्रियाकलापहरु**

कक्षा अवलोकनकै क्रममा सामुदायिक विद्यालयको कक्षा ५ को गणित विषय दोस्रो घण्टी लागीसके पछी शिक्षिका ५ मिनेट पछाडी कक्षाकोठामा प्रवेस गर्नुभयो उहाँको हातमा पाठ्यपुस्तक पनि थिएन, विद्यार्थीसँग पाठ्यपुस्तक लिएर पाठ सुरु गरीहाल्नुभो गृहकार्य जाँच नगरी, कालोपाटीमा सरासर हिसाव गरेर विद्यार्थीलाई सार्न लगाउनु भयो । विद्यार्थीलाई कुनै प्रश्न शैक्षिक सामग्रीको प्रयोग नगरी कक्षा शिक्षण गर्नुभयो र अन्तमा भोली हिसाव गरेर ल्याउने भन्दै कक्षा कोठाबाट वाहीरिनु भयो ।

संस्थागत विद्यालय कक्षा ५ मा कक्षाकोठा अवलोकन गर्ने क्रममा गणित दोस्रो घण्टीमा थियो घण्टी लाग्दा वित्तिकै विषय शिक्षक कक्षा कोठामा प्रवेश गर्नुभयो त्यसपछि उहाँले कालो पाटीमा मिति लेख्नुभयो । त्यसपछि एउटा हिसाव लेखेर विद्यार्थीलाई गर्न लगाएर आफूले गहृकार्य जाँच गर्नुभयो गृहकार्य जाँच गरे पश्चात् पाठको प्रारम्भ गर्नु भयो विच विचमा प्रश्न सोध्ने गरेको पाइयो । उहाँको भाषाको समस्याले विद्यार्थीलाई अप्ठेरो परेको देखीयो । शैक्षिक सामग्री प्रयोग गरेको देखीएन, सम्पूर्ण विद्यार्थी सक्रिय भएका देखीयो । भोलीको लागी भनेर गृहकार्य दिनुभयो । पाठको सारांश र पृष्ठपोषण गरीएन घण्टी लागे पछी कक्षाकोठावाट वाहिरीनु भयो ।

**विज्ञान विषयमा शिक्षण क्रियाकलापहरु**

सामुदायिक विद्यालय श्री चन्दनाथ नि.मा.वि. कक्षा ५ को तेस्रो घण्टी कक्षा अवलोकन गर्ने क्रममा प्राप्त शिक्षक क्रियाकलापहरु ११:४५ मा विज्ञान विषय अध्यापन गराउने शिक्षक पाठ्यपुस्तक सहित कक्षाकोठामा प्रवेस गर्नुभयो त्यसपछी गृहकार्य जाँच गर्नु कापी माग्नुभयो । गृहकार्य जाँच गर्दा सम्म विद्यार्थीहरुलाई पाठ पढाउन लगाउनु भयो । त्यसपछी पूर्व पाठसँगको स्मरण गराउँदै पाठ अगाडी वढाउनुभयो । विद्यार्थीलाई विचविचमा प्रश्न गरि रहेको पाइयो । शैक्षिक सामग्रीको पनि प्रयोग गरेको पाइयो । शिक्षण गरीरहेको वेला विद्यार्थीहरु सक्रिय नै भएको देखीयो । विद्यार्थीलाई धन्यवाद भनेर पुसस्कृत गर्नुभयो र अन्तमा गृहकार्य दिई कक्षावाट वाहिरीनु भयो ।

संस्थागत विद्यालयमा तेस्रो घण्टी कक्षा अवलोकन गर्ने क्रममा शिक्षक क्रियाकलापहरुमा तेस्रो घण्टी विज्ञान विषय अध्यापन गराउने शिक्षिका ठिक ११:३० मा कक्षाकोठामा पाठ्यपुस्तक पाठयोजना, शैक्षिक सामग्री हातमा लिएर प्रवेश गर्नुभयो । उहाँले गृहकार्य गरेको कपी लिएर जानुभयो । त्यस कक्षामा शिक्षण कार्यको वेला विद्यार्थीहरु एकदमै उत्सुक देखीन्थे । उहाँले पहिले नै कालो पाटीको छेउमा शैक्षिक सामग्री झुन्डाउनु भएको थियो । विद्यार्थीहरु मध्ये जसले हल्ला गर्छ त्यसैलाई उठाएर प्रश्न गर्ने गरेको पाइयो । विद्यार्थीलाई गृहकार्य दिई कक्षावाट वाहिरीनु भयो ।

**अंग्रेजी विषयमा शिक्षण क्रियाकलापहरु**

सामुदायिक विद्यालयको चौथो कक्षा कोठा अवलोकनमा अंग्रेजी विषय रहेको थियो अंग्रेजी विषयका शिक्षक हातमा पाठ्यपुस्तक लिएर कक्षा मा प्रवेश गर्नुभयो । कालो पाटीमा आजको पाठ र मिति लेखी पाठको प्रारम्भ गर्नु भयो उहाँले गृहकार्य जाँच गर्नु भएन । विद्यार्थीहरुलाई वेला वेला अर्थ सोध्ने गर्नु हुन्थ्यो । जान्नेलाई स्यावास र नजान्नेलाई जान्ने विद्यार्थीले भनेको फेरी भन्न लगाउने गरेको देखीयो । कक्षा कार्यमा विद्यार्थी सहभागीता राम्रो रहेको देखीन्थ्यो । विद्यार्थीहरुलाई अर्थ लेख्न लगाउने गरेको देखीयो । शैक्षिक सामाग्रीमा अर्थ लेखेको कार्ड देखाउनु भएको थियो । अन्तमा गृहकार्य दिएर टिफिनको घण्टी लागी सकेपछि वाहिर निस्किनुभयो ।

संस्थागत विद्यालयमा कक्षा ५ को कक्षाकोठामा शिक्षक क्रियाकलापहरु अवलोकन गर्ने क्रममा अंग्रेजी पहिलो घण्टी रहेको थियो । ठिक १०:०० वजे शिक्षक हातमा पाठ्यपुस्तक वोकी कक्षामा प्रवेश गर्नु भयो । विद्यार्थीहरुलाई अघिल्लो पाठ के थियो भनि प्रश्न गर्नुभयो र आजको पाठ पृष्ठ नम्वर यति पल्टाउ भनि पाठको प्रारम्भ गर्नुभयो । कालोपाटी शब्दको अर्थ लेखी विद्यार्थीलाई टिपाउने गरेको पाइयो । विच विचमा पछाडी वसेका विद्यार्थीलाई प्रश्न गर्ने गरेको पाइयो । नजान्नेलाई १ मिनेट कमाउने गरेको पाइयो । अन्तमा प्रवचन विधिद्वारा पाठको सारांश वताई गृहकार्य दिनु भयो । उहाँले गृहकार्य जाँच गरेको पाइएन घण्टी लाग्नुभन्दा अगाडी नै वहाँ कक्षावाट वाहीरीनु भयो ।

**सामाजिक विषयमा शिक्षण क्रियाकलापहरु**

सामुदायिक विद्यालयको सामाजिक विषय शिक्षकको कक्षा क्रियाकलापहरु अवलोकन गर्ने क्रममा सामाजिक विषय टिफिन समयपछी राखीएको रहेछ । घण्टी लागी सकेपछी ५ मिनेट पछाडी हातमा पुस्तक लिएर शिक्षिका कक्षा मा प्रवेश गर्नुभयो र उहाँले पुस्तक पल्टाएर सरासर पाठ पढेर सकाउनु भयो । अनि विद्यार्थीलाई पाठ पढ्न लगाउनु भयो शैक्षिक सामाग्री, प्रश्न सोध्ने कुनै कार्य गर्नुभएन । गृहकार्य पनि जाँच नगरी भोलिको लागी गृहकार्य भनि कक्षावाट वाहिरिनु भयो ।

संस्थागत विद्यालयमा कक्षा ५ को सामाजिक विषयको शिक्षक क्रियाकलाप कक्षा अवलोकन गर्दा शिक्षक घण्टी लाग्ना साथ कक्षा कोठामा प्रवेश गर्नुभयो र अघिल्लो दिनको गृहकार्य जाँच गर्नभयो त्यत्ति वेला सम्म विद्यार्थीहरुलाई पाठ पढाउन लगाउनु भयो । त्यसपछि सरासर पाठ पढी विद्यार्थीहरुलाई प्रश्न गर्नुभयो । प्रश्नको सहि उत्तर दिनेलाई स्यावास दिएर र नजान्नेलाई कान समात्न लगाएर पुरस्कृत र सजाय दिने गरेको पाइयो । विद्यार्थीहरु पूर्ण रुपमा कक्षा क्रियाकलापमा सहभागी थिएनन् । गृहकार्यमा पाठको सारांश लेखेर ल्याउने भन्दै कक्षावाट वाहिरीनु भयो ।

**स्वास्थ्य तथा शारिरिक विषयमा शिक्षण क्रियाकलापहरु**

सामुदायिक विद्यालय कक्षा ५ को स्वास्थ्य तथा सृजनात्मक विषयको शिक्षक क्रियाकलापहरु कक्षा अवलोकन गर्दा शिक्षक हातमा पाठ्यपुस्तकहरु बोकी कक्षा कोठामा प्रवेश गर्नुभयो । कालो पाटीमा आजको पाठ लेखी विद्यार्थीहरुलाइ एक एक गरेर वेन्चवाट उठाएर पाठ पढ्न लगाउनुभयो र आफू गृहकार्य जाँच गर्न थाल्नु भयो र त्यसपछी प्रवचन विधिद्वारा विद्यार्थीलाई सारांश वताइ दिनुभयो । विद्यार्थीहरु कक्षाकोठामा त्यति सक्रिय भएको पाइएन र अन्तमा गृहकार्य दिएर कक्षाबाट बाहिररिनु भयो ।

संस्थागत विद्यालयका कक्षा ५ को कक्षाकोठा अवलोकन गर्दा स्वास्थ्य तथा शारिरिक शिक्षा विषय अध्यायन गराउने शिक्षिका कक्षामा प्रवेश गर्नुभयो । उहाँले गृहकार्य जाँच नगरी पाठको प्रारम्भ गर्नुभयो । पाठ्यपुस्तक विद्यार्थीहरुलाई देखाई पृष्ठ नं. २५ पल्टाउ भन्दै विद्यार्थीहरुलाई पढ्न लगाउनु भयो । विद्यार्थीहरुले पढी सकेपछि प्रश्न गर्नुभयो । त्यसपछी आफूले पाठको शारांश भन्दै पाठ सिध्याउनु भयो । उहाँको कक्षामा विद्यार्थीहरु कमै मात्रामा सक्रिय भएको देखियो । अन्त्यमा गृहकार्य दिंदै घण्टी लाग्ना साथ कक्षावाट वाहिरीनु भयो ।

**ऐच्छिक विषयको शिक्षण क्रियाकलापहरु**

सामुदायिक विद्यालयमा शिक्षक क्रियाकलापको कक्षा अवलोकन अन्तिम घण्टी ऐच्छिक अंग्रेजी थियो । शिक्षक कक्षाकोठामा प्रवेश गरीसकेपछि विद्यार्थीहरुलाईी पाठ पढाउन लगाउनुभयो तर विद्यार्थी सकृयता खासै देखीदैन थियो । उहाँले गृहकार्य जाँच गर्नुभयो । शिक्षण कार्यमा कक्षाकोठामा शैक्षिक सामाग्रीको प्रयोग गरिएको थिएन । कालो पाटीमा प्रश्नोत्तर लेखेर विद्यार्थीलाई टिप्न लगाउनु भयो । गृहकार्यमा यही कन्ठ गरेर आउने भन्नु भयो । विद्यालय छुट्टीको घण्टी लागी सकेपछी वाहीर निस्किनु भयो ।

संस्थागत विद्यालय कक्षा ५ मा शिक्षक क्रियाकलापको कक्षा अवलोकन गर्ने क्रममा यो अन्तिम घण्टी थियो । यस विद्यालयमा ऐच्छिक विषय २ वटा राखेको विद्यालय सर्वेक्षण फारमवाट सूचना प्राप्त हुन्छ । कक्षा अवलोकन गर्ने दिनमा कम्प्यूटर शिक्षा अध्यापन हुने दिन रहेछ । शिक्षक कक्षा कोठामा प्रवेश गर्नुभयो । अघिल्लो दिन पढेको पाठलाई स्मरण गराउँदै आजको पाठमा प्रवेश गर्नुभयो । उहाँले पाठ्यपुस्तक पल्टाई त्यसमा रहेको कम्प्यूटरको चित्रलाई कालो पाटीमा वनाई त्यसका अंगहरुको नाम लेखी विद्यार्थीहरुलाई टिप्न लगाउनुभयो । विद्यार्थीहरुलाई कम्प्यूटरका अंगको नाम भन्न लगाउनु भयो । पाठको प्रस्तुति छलफल विधिवाट गरेको पाईयो । विद्यार्थीहरुलाई कम्प्यूटरका अंग लेखेर ल्याउने भनि गृहकार्य दिएको पाइयो । विद्यालय छुट्टी भएको घण्टी लागी सकेपछि कक्षा कोठावाट निस्किनु भयो ।

पाठ्यक्रममा विद्यार्थीहरुलाई समुह छलफल, अभिनय, अवलोकन, अभ्यास, खोज तथा अनुसन्धान, परियोजना कार्य, समस्या अध्ययन, आगमन, प्रदर्शन, खेल जस्ताम विभिन्न विधि प्रयोग गरी

शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरीनुपर्ने भएपनि यि दुवै विद्यालयमा कक्षा ५ यि विधिहरु प्रभावकारी रुपमा कार्यान्वयन नगरीएको पाइयो साथै उपयूक्त शैक्षिक सामाग्रीको प्रयोगमा पनि त्यति ध्यान नदिएको अवस्था देखीन्छ ।

### ४.२.२ अतिरिक्त क्रियाकलापहरु

शिक्षा हासिल गर्ने क्रममा औपचारिक शिक्षाको अलावा पनि अनौपचारिक र अतिरिक्त ढंगवाट पनि सिक्ने कार्य भई रहेको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकले उल्लेख गरे वाहेकका पनि अरु कार्यक्रम जस्तै खेलकुद हिज्य, हाजीरी जवाफ, साहित्य तथा संगति, आदी कार्यक्रमवाट पनि वालवालिकाले धेरै कुरा सिकि रहेका हुन्छन् । शिक्षा आर्जन गर्ने क्रममा यस्ता अतिरिक्त क्रियाकलापहरुलाई समेत मद्दत गर्दछ । विद्यार्थीको सर्वाङ्गीण विकास गराउने तथा सामाजिक दक्षताको विकास वालकको चौतर्फि विकासमा सघाउ पु¥याउन अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहन्छ ।

यस तुलनात्मक अध्ययनको क्रममा सार्वजनिक र संस्थागत विद्यालयमा के कति प्रकारका अतिरिक्त क्रियाकलापहरु हुने गर्दछन्, त्यसको लागि के कस्तो प्रक्रिया अपनाइन्छ । समस्या के-के छन्, समाधानका उपायहरु के के छन् भन्ने वारे थाहा पाउन विद्यालय सर्वेक्षण फारम, शिक्षक प्रश्नावली, प्र.अ. अन्तरवार्ता फारम, लक्षित समुह छलफल, दस्तावेज अध्ययनको सहयोग लिएको थियो । सामुदायिक विद्यालयमा प्रत्येक दिन प्राथना (सरस्वति वधंना) पिटी हुने गरेको प्राय जसो शुक्रवार कुनै न कुनै अतिरिक्त सञ्चालन हुने गरेको कुरा प्र.अ. तथा विद्यार्थी वताउँछन् । अतिरिक्त क्रियाकलापमा सदन विभाजन, हाजीरी जवाफ, सरसफाई, साँस्कृतिक कार्यक्रम, हिसाव दौड हुने गरेको जानकारी लक्षित समुह छलफल बाट सूचना प्राप्त भयो । त्यसैगरी संस्थागत विद्यालयमा प्राथना, पिटी दैनिक रुपमा हुने गरेको र अतिरिक्त क्रियाकलापमा, हाजीरी जवाफ, भलिवल, स्पेलिङ, क्वीज, अर्थ अन्ताक्षरी, निवन्ध प्रतियोगिता, कविता वाचन, तथा नृत्य हुने गरेको लक्षित समुह छलफलबाट जानकारी प्राप्त भयो ।

अतिरिक्त क्रियाकलापमा सवै विद्यार्थीले सहभागी हुन पाउने भएपनि इच्छा नहुने विद्यार्थीवाट जानकारी प्राप्त भयो अतिरिक्त क्रियाकलाप १५/१५ दिनमा सञ्चालन हुने गरेको र यसको योजना वार्षिक क्यालेण्डरलाई आधार बनाएर वनाउने गरेको दुवै विद्यालयका प्र.अ.ले वताउनु भयो । अतिरिक्त क्रियाकलाप सम्बन्धि समस्याको वारेमा प्रश्न गर्दा, खेल मैदान को अभाव, सामग्रीको अभाव, अप्रयाप्त कक्षाकोठा, शिक्षकलाई तालिमको अभाव, विद्यार्थी सहभागितामा कमी रहेको शिक्षक र प्र.अ.ले वताउनुभयो । कसरी अतिरिक्त क्रियाकलाप राम्रो वनाउन सकिन्छ होला भन्ने शिक्षक, प्र.अ. प्रश्नावलीमा साधन स्रोत को प्रयाप्तता, शिक्षकलाई तालीम, विद्यार्थीलाई पुरस्कारको व्यवस्थामा जोड दिनुपर्ने प्रश्नावली फारमबाट सूचना प्राप्त भयो ।

अतिरिक्त क्रियालकलापबाट विद्यार्थीमा सक्षमता अभिवृद्धि गर्न सवै विद्यार्थीलाई समान रुपले क्रियाकलपमा भाग लिने अवसर प्रदान गरिनु पर्ने र पाठ्यक्रमले पनि अतिरिक्त क्रियाकलाप सम्बन्धि नितिहरुको निर्माण गराए शिक्षकहरुलाई अतिरिक्त क्रियाकलाप गराउन सहज हुने देखीन्छ ।

### ४.२.३ परीक्षा सम्बन्धी क्रियाकलापहरु

विद्यालय तहमा विद्यार्थी उपलब्धी मूल्याङ्कनको लागि परिक्षा प्रणालीको व्यवस्था गराएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ मा प्राथमिक तहमा विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा निर्माणात्मक र सुधारात्मक मूल्याङ्कन पद्धतिको आधारमा विद्यार्थीको सिकाईलाई सुनिश्चित गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाई स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाई उपलिब्धका आधारमा पटक पटक सिकाई अवसर गर्नुपर्ने र कक्षा ४ र ५ मा ५० प्रतिसत निर्णयात्मक (वार्षिक परीक्षा) पद्धतिबाट र ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन (निर्माणात्मक) पद्धतिबाट लेखाजोखा गरिने छ । दुवै मूल्याङ्कनका आधारमा विर्द्यीलाई कक्षा उन्नति गरिने व्यवस्था उल्लेख गरीएको छ । यसै गरी निरन्तर विद्यार्थी मूल्याङ्कनमा औषत उपलब्धि हासिल गरेका तर निर्णायात्मक मूल्याङ्कनमा अनुत्तिर्ण भएका विद्यार्थीका हकमा सम्बन्धित अभिभावक कक्षा/विषय शिक्षक र प्रधानाध्यापकले कक्षा उन्नतिको निर्णय गर्न सक्नेछन् भन्ने उल्लेख गरिएको छ ।

छनोटमा परेको सामुदायिक विद्यालय श्री चन्दनाथ नि.मा.वि. र संस्थागत विद्यालय वुढीनन्दा प्रा.वी. मा कक्षा ५ को परिक्षा प्रणाली, समय, अवधी, यसरी संचालन गरीने व्यवस्था, प्र.अ. अन्तरवार्ता, शिक्षक प्रश्नावली र विद्यालय सर्वेक्षण फारमबाट जानकारी प्राप्त हुन्छ ।

**तलिका नं. ४.२.५**

**सामुदायिक विद्यालय श्री चन्दनाथ नि.मा.वि.मा कक्षा ५ को परिक्षा प्रणाली**

| परीक्षाको किसीम | पुर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा मिति | परीक्षा समय |
|---|---|---|---|---|
| त्रैमासिक | ४० | १३ | भद्र २५ | १ घण्टा |
| अर्धवार्षिक | ६० | २० | पौस २७ | २ घण्टा |
| वार्षिक स्रोत केन्द्र स्तरीय | १०० | ३२ | फागुन महिनामा स्रोत केन्द्रको निर्देशन अनुसार | ३ घण्टा |

स्रोत : विद्यालय सर्वेक्षण फारम, २०६९

**तलिका नं. ४.२.६**

**संस्थागत विद्यालय श्री बुढीनन्दा प्रा.वि.मा कक्षा ५ को परिक्षा प्रणाली**

| परीक्षाको किसीम | पुर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा मिति | परीक्षा समय |
|---|---|---|---|---|
| प्रथम त्रैमासिक परीक्षा | १० | ४ | अषाढ ४ देखी | १ घण्टा |
| द्वितीय त्रैमासिक परीक्षा | २० | ८ | भाद्र १७ देखी | १ घण्टा |
| तृतीय त्रैमासिक परीक्षा | ३० | १२ | पुष १६ देखी | १.३० घण्टा |
| अन्तिम परीक्षा | ४० | १६ | फागुन १५ देखी | २ घण्ट |
| जम्मा | १०० | ४० | | |

स्रोत : विद्यालय सर्वेक्षण फारम, २०६९

माथिको दुवै तालिकालाई विश्लेषण रुपमा अध्ययन गर्दा सामुदायिक विद्यालयको कक्षा ५ मा ३ पटक (त्रैमासिक, अर्धवार्षिक र वार्षिक) सञ्चालन गर्ने व्यवस्था रहेको पाइयो । त्रैमासिक र वार्षिक परीक्षा विद्यालयमनै सञ्चालन गर्ने गरेको र वार्षिक परिक्षा स्रोतकेन्द्रले सञ्चालन गर्ने गरेको प्र.अ. पदम वहादुर शाही वताउनु हुन्छ । संस्थागत विद्यालयमा ४ पटक परीक्षा सञ्चालन आफ्नै विद्यालयमा हुने गरेको प्र.अ.चक्र वहादुर कैला वताउनु हुन्छ । सामुदायिक विद्यालयमा १०० पूर्णाङ्कको ३२ प्रतिशत उत्तिर्णाङ्क रहेको छ भने संस्थागत विद्यालयमा १०० पूर्णाङ्कको ४० प्रतिशत उत्तिर्णाङ्क रहेको पाइयो । शिक्षक प्रश्नावलीवाट कक्षा चढाउने सम्बन्धमा सवै विषय उत्तिर्ण गर्ने विद्यार्थीहरुलाई मात्र कक्षा चढाउने व्यवस्था रहेको जानकारी प्राप्त भयो । त्रैमासिक, अर्धवार्षिक परीक्षा शिक्षकहरुले नै प्रश्न निर्माण गरी सरलदेखी जटिलको क्रममा प्रश्नहरुका सवै क्षेत्रलाई ध्यानमा राख्दै प्रश्नहरु निर्माण गरीने जानकारी शिक्षक प्रश्नावलीवाट जानकारी पाइयो । परीक्षा सञ्चालन गर्दा के के समस्या आउँछन् भन्ने प्रश्नमा प्रशासनको अस्पष्टता, कम्प्यूटरको अभाव, वक्ति, लिथो, प्रश्नपत्र निर्माण र पुर्णाङ्कमा त्रुटी आदी समस्या आउने गरेको दुवै विद्यालय शिक्षक प्रश्नावलीमा भेटीयो । परीक्षा राम्रो गराउन के के गर्नुपर्ला भन्ने प्रश्नमा उपयुक्त समय, स्पष्ट निर्देशन, वक्ति, कम्प्यूटरको व्यवस्था, वसाई व्यवस्थापन, शिक्षकहरुमा लगनशिलता, शान्त वातावरण भएमा परीक्षा राम्रो गर्न सकिने शिक्षक प्रश्नावलीमा पाइएको थियो । प्र.अ. अन्तरवार्ता अनुसार परीक्षा सञ्चालनमा देखीएका समस्याहरुमा प्रश्नपत्र निर्माणमा समस्या रहेको र परीक्षा सञ्चालनमा सुधार गर्न प्रश्नपत्र निर्माण सम्बन्धी तालिम, गोष्ठीको व्यवस्था गरीनु पर्ने कुरामा प्र.अ.ले जोड दिनु भयो । सामुदायिक विद्यालयका कक्षा ५ का विद्यार्थीहरु त्रैमासिक र अर्धवार्षिक परीक्षामा त्यति ध्यान नदिने गरेको शिक्षकहरु बताउँछन् । वार्षिक परीक्षा स्रोतकेन्द्रले सञ्चालन गर्ने हुँदा स्कुलमा सञ्चालित परीक्षामा मेहेनत नगर्ने गरेको शिक्षक प्रश्नावलीबाट सूचना प्राप्त भयो ।

# परिच्छेद पाँच

## प्राप्ति, निश्कर्ष, सुझावहरु

### ५.१ प्राप्ति

पाठ्यक्रममा उल्लेखित उद्देश्यहरु हासील गराउनका लागि पाठ्यक्रमको कार्यान्वियन पक्ष सवल हुन आवश्यक छ । सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ५ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन शिर्षकमा आधारित रहेर यो अध्ययन वाजुरा जिल्ला कोल्टी गा.वि.स.भित्र रहेका सामुदायिक विद्यालय श्री चन्दनाथ नि.मा.वि. जंसाल र संस्थागत विद्यालय श्री वुढीनन्दा प्रा.वि. एरपोर्ट वाट विद्यालय सर्वेक्षण फारम, कक्षाकोठा अवलोकन फारम, प्र.अ. अन्तरवार्ता, शिक्षक प्रश्नावली,विद्यार्थी लक्षित समूह छलफल, दस्तावेज अध्ययन जस्ता साधनहरु प्रयोग गरी संकलित सूचनाको विश्लेषणका आधारमा निम्नानुसार प्राप्ति पाइएका थिए ।

- सामुदायिक विद्यालय कक्षा ५ मा ८ वटा विषयका ६ वटा पाठ्यपुस्तकहरु र संस्थागत विद्यालयमा ८ वटा विषयका १० वटा पाठ्यपुस्तकहरु रहेको पाइयो । सामुदायिक विद्यालयमा ऐच्छिक विषय चौलानि प्रकाशनको र अनिवार्य विषय पाठ्यक्रम विकास केन्द्रले प्रकाशनमा ल्याएको अध्यापन गराइरहेको पाइयो भने संस्थागत विद्यालयको कक्षा ५को सबै (१० वटा) पाठ्यपुस्तक यूनिक प्रकाशनको प्रयोगमा ल्याएको पाइयो । सामुदायिक विद्यालय कक्षा ५ को ६०० पुर्णाङ्क र उत्तिर्णाङ्क ३२ प्रतिशत रहेको छ भने संस्थागत विद्यालयको कक्षा ५ को ७०० पुर्णाङ्क र उत्तिर्णाङ्क ४० प्रतिशत रहेको पाइयो ।
- संस्थागत विद्यालयमा नेपाली वाहेक सवै अंग्रेजी र सामुदायिक विद्यालयमा अनिवार्य अंग्रेजी र ऐच्छिक अंग्रेजी वाहेक सवै नेपाली माध्यमका पाठ्यपुस्तक कार्यान्वयन भई रहेको अवस्था छ । सामुदायिक विद्यालयको ऐच्छिक अंग्रेजी समेत पाठ्यपुस्तकको जम्मा मुल्य रु ३३१/५० पैसा र संस्थागत विद्यालयमा सबै पाठ्यपुस्तकको जम्मा रु १८५० मूल्य रहेको पाइयो । त्यसै गरी सामुदायिक विद्यालयको ऐच्छिक विषय वाहेकका सवै पाठ्यपुस्तक विद्यार्थीहरुलाई निशुल्क उपलब्ध गराइएको पाइयो भने संस्थागत विद्यालयमा सम्पूर्ण पाठ्पुस्तक विद्यार्थी स्वयंमले किन्नु पर्ने देखियो ।
- सामुदायिक विद्यालयहरु वर्ष भरिमा २२० दिन खुल्ने १९२ दिन पढाई हुने, २१ दिन परीक्षा हुने, र ५० दिन भ्याकेसन विदा हुने गरेको पाइयो भने संस्थागत विद्यालय २३० दिन खुल्ने, २२२ दिन पढई हुने, २५ दिन परीक्षा हुने र ५० दिन विदा हुने व्यवस्था गरेको पाइयो । यसरी सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा वर्ष भरिमा १० दिन बढी खुल्ने, ३० दिन वढी पढाई हुने, ४ दिन वढी परीक्षा हुने गरेको पाइयो । सामुदायिक विद्यालय २०५९ सालमा वैशाख २० गते

बाट विद्यालय सुरु भएको तर संस्थागत विद्यालय २०५९ साल वैशाख १० बाट सुरु भएको पाइयो । त्यसैगरी गत वर्षको शैक्षिक सत्र सामुदायिक विद्यालयमा २०६८/११/२३ मा र संस्थागत विद्यालयमा २०६८/१२/१३ गते शैक्षिक सत्र अन्त भएको पाइयो । यसरी संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयमा शैक्षिक सत्र १० दिन ढिलो शुरु भएको पाइयो । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको कक्षा ५ मा अध्यापन गराइरहेका शिक्षकहरुले वार्षिक विदा औसत रुपमा २२ दिन कम लिएको पाइयो ।

- अनुसन्धान कर्ताले अवलोकन गर्दा दुवै विद्यालयको भौतिक पूर्वाधार व्यवस्थापन राम्रो रहेको पाइयो । भौतिक पूर्वाधारको व्यवस्था सरकारी अनुदान, अभिभावकको आर्थिक सहयोग, गा.वि.स., दातृ संघ संस्थाको सहयोगवाट गर्ने गरेको सामुदायिक विद्यालयका प्र.अ.ले जानकारी दिनुभयो । संस्थागत विद्यालयमा भौतिक पूर्वाधारको व्यवस्था लगानीकर्ता र संचालक मिलेर गर्ने गरेको पाइयो ।
- सामुदायिक विद्यालयमा निजी शिक्षक नियुक्ती गर्दा राजनैतिक दवावका कारण योग्य र दक्ष नहेरी पहुँचका भरमा नियुक्ती गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयमा पनि लगानीकर्ता र व्यवस्थापक ले नातावाद, कृपावादको भरमा शिक्षक नियुक्ति गर्ने गरेको पाइयो । दुवै विद्यालयमा प्रविणता प्रमाण पत्र तह उत्तिर्ण गरेका शिक्षकह भएपनि सामुदायिक विद्यालयमा जनसंख्या विशिष्टीकरण भएको शिक्षकले गणित , अंग्रेजीको शिक्षकले विज्ञान विषय र नेपाली विषय शिक्षकले सामाजिक अध्यापन गराउने गरेको पाइयो भने संस्थागत विद्यालयमा सवै विशिष्टिकरण विषय भएका शिक्षकहरुले अध्यापन गराई रहेको पाइयो । संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयका शिक्षकहरु वढी तालिम प्राप्त रहेको पाइयो ।
- सामुदायिक विद्यालयको कक्षा ५ मा ४६ जना विद्यार्थी रहेको र जसमध्ये छात्रा ४३ प्रतिशत रहेका छन् भने दलित ४५.६५ प्रतिशत रहेको पाइयो भने संस्थागत विद्यालयको कक्षा ५ मा ३२ जना विद्यार्थी भर्ना भएको जसमध्ये छात्रा ३७.५ प्रतिशत रहेका छन् भने दलित १५.६३ प्रतिशत रहेको पाइयो । दुवै किसिमको विद्यालयमा ब्राह्मण/क्षेत्रीको बाहुल्यता रहेको पाइयो । यसरी संस्थागत विद्यलय भन्दा सामुदायिक विद्यालयमा दलित विद्यार्थीको संख्यामा ३० प्रतिशत अन्तर रहेको पाइयो । दुवै विद्यालयमा सानोलाई अगाडी र ठूलोलाई पछाडी राखेर वसाई व्यवस्थापन गरेको पाइयो ।
- सामुदायिक विद्यालयको कक्षा ५ मा सदन विभाजन, हाजीरी जवाफ, सरसफाई, हिसाव दौड, निवन्ध, कविता, मुक्तक जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको पाइयो भने संस्थागत विद्यालयको कक्षा ५ मा हाजीरी जवाफ, भलिवल, स्पेलिङ क्वीज, अर्थ अन्ताक्षरी, निवन्ध, कविता वाचन तथा नृत्य जस्ता अतिरिक्त क्रियाकलाप सञ्चाालन हुने गरेको पाइयो ।

- दुवै विद्यालयमा गृहकार्यलाई निरन्तरता दिने गरेको पाइयो । संस्थागत विद्यालयमा शैक्षिक सामाग्रीको प्रयोग राम्रो रहेको पाइयो । दुवै विद्यालयमा शिक्षकहरुले आफ्नो कोर्ष पुरा गर्ने गरेको पाइयो ।
- अनुसन्धान कर्ताले अवलोकन गरेको दिन सामुदायिक विद्यालयका २ जना शिक्षक घण्टी लागेको ५ मिनेट पछी कक्षा प्रवेश गरेको पाइयो । संस्थागत विद्यालयमा प्रधानाध्याकले कक्षा अवलोकन गरेको पाइयो ।
- सामुदायिक विद्यालयमा कक्षा ५ को परीक्षा प्रणाली ३ पटक सञ्चालन गर्ने गरेको पाइयो जसमा त्रैमासिक ४० को, अर्धवार्षिक ६० को र स्रोतकेन्द्रले १०० पूर्णाङ्कको परीक्षा सञ्चालन गर्ने गरेको पाइयो । पुर्णाङ्क १०० को उत्तिर्णाङ्क ३२ रहेको छ भने संस्थागत विद्यालयमा परीक्षा प्रणाली ४ पटक सञ्चालन गर्ने गरेको जसमा प्रथम ट्रम १०, द्वितिय ट्रम २०, तृतिय ट्रम ३० र अन्तिम परीक्षा ४० पुर्णाङ्कको सञ्चालन गर्ने गरेको र जसमा पुर्णाङ्क १०० को उत्तिर्णाङ्क ४० रहेको पाइयो । संस्थागत विद्यालयमा सबै विषय पासभएका विद्यार्थीहरु लाई मात्र उत्तिण गरिने तर सामुदायिक विद्यालयमा एक विषयमा अनुत्तिर्ण विद्यार्थीहरुलाई पनि  उत्तिर्ण गर्ने व्यवस्था गरेको पाइयो ।

## ५.२ निश्कर्ष

